

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २५ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २ गते शुक्रबार ❑ 15 March 2024 ❑ पृष्ठ ४ + १२ ❑ मूल्य रू. ५ ।–


## पोखरालाई आइतबार पर्यटनको राजधानी घोषणा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत



अन्ततः आउँदो आइतबार निकै तामभ्कामका साथ पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा हुने भएको छ। विगत ७ बर्ष अघिदेखि पोखरालाई औपचारिक रुपमा पर्यटनको राजधानि बनाउने चर्चा तथा केही पलक कदमी भए पनि औपचारिक रुपमा पोखरालाई पर्यटनको राजधानीको रुपमा घोषणा हुन नसकेको अबस्थामा अन्ततः यही चैत ४ गते आइतबार पोखरालाई देशकै पर्यटनको राजधानिको रुपमा घोषणा हुने भएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनुभयो।

यस अघि पोखरालाई पर्यंटनको राजधानि बनाउने चर्चा विगत ७/८ बर्ष अघि देखि चले पनि अन्ततः चैत ४ आइतबार घोषणा हुने भए पनि पोखरा क्षेत्रका पर्यटन व्यवसायी र निजी क्षेत्रका उद्योगी व्यवसायीहरु उत्साहित हुनु भएको छ।

आइतबार पोखराको बाराही घाटामा तामभ्कामका साथ पोखरालाई पर्यटकीय राजधानि घोषणा हुने गरी तयारी गरिएको छ भने उक्त कार्यक्रममा प्रमुख अतिथीको रुपमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) आउनु हुने भएको मेयर आचार्यले जनाउनु भयो। बसुन्धरापार्कबाट विहान करिब १०:३० बजे सुरु हुने बृहत भ्काकी सहितको र्‍याली बाराही घाटमा पुगेर उद्घाटन समारोहमा परिणत हुने भएको हो।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, छिमेकी पालिकाहरु, पर्यटन सम्बद विभिन्न संघ संस्था, उद्योग बाणिज्य संघ संस्था, संयुक्त पहल कदमीमा सबैको निर्णयको आधारमा आफुहरुले पोखरालाई पर्यटकीय राजधानिको रुपमा घोषणा गर्न लागिएको मेयर आचार्यको भनाई छ।

पोखरालाई अघोषित रुपमा पर्यटकीय शहर तथा राजधानिको रुपमा भन्दै आए पनि अब औपचारिक रुपमा तीन तहका सरकार स्थानिय, गण्डकी प्रदेश र संघिय सरकारले घोषणा गर्ने हुँदा यसले पोखराको दिगो पर्यटन प्रबर्द्धनमा कोषेढुंगा सावित हुने मेयर आचार्यको भनाई छ। यसको प्रचार प्रसार र यहाँको पर्यटकीय गन्तव्यहरुको प्रबर्द्धन गर्न तथा पोखरालाई अभ्क ब्राण्डिङ गर्न पनि पोखरालाई पर्यटकीय राजधानिको रुपमा घोषणा हुन आवश्यक देखेर आफुहरुले राजधानि घोषणा सहित यहाँको अल्पकालिन, मध्यकालिन र दृर्घकालिन योजनाका साथ तीन तहका सरकारले उचित कार्ययोजना अघि बढाउने उहाँले जनाउनुभयो।

पोखरालाई पर्यटकीय राजधानि बनाउने अभियानको पहिलो कदम घोषणा भएकोले उक्त कार्यक्रममा सहागिताको लागि महमानगरले महानगरबासि सहित छिमेकी पालिकाका स्थानियहरुलाई आव्हान समेत गरेको छ।

यसैबिच, पोखराका पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरालाई पर्यटनको राजधानि घोषणा गर्ने निर्णयले आफुहरु निकै उत्साहित भएको बताउनु भयो। आफुहरुले विगत करिब ७/८ बर्ष अघि देखि पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा गरी सोही अनुरुपको पर्यटन प्रमोशन, पर्यटन पूर्वाधार, पर्यटकीय गन्तव्यहरुमा राज्यले उचित लगानी गर्नु पर्छ भन्दै आएको सन्दर्भमा ढिलै भए पनि उक्त निर्णयले गर्दा पोखरामा पर्यटनमा नयाँ तरङ्ग ल्याउने उहाँले जनाउनु भयो। पोखरा क्षेत्रमा अब लगानी भित्राउन र यहाँको पर्यटन क्षेत्रको लगानी सुरक्षित गर्न थप मद्धत पुग्ने बताउदै अध्यक्ष श्रेष्ठले पोखरामा अब बार्षिक २० लाख भन्दा बढी पर्यटन भित्राउन लाग्नु पर्नेमा जोड दिनु भयो।

प्रदेश राजधानी पोखरालाई 'पर्यटकीय राजधानी' घोषणा गर्न गण्डकी प्रदेश सरकारले अध्ययन समिति गठन गरेको थियो। प्रदेश सरकारले आव २०८०/०८१ मा लिएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सरकारले गण्डकी प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा समिति गठन गरेको हो। उहाँको नेतृत्वको टिमले दिएको प्रतिवेदनका आधारमा महानगर र प्रदेश सरकारले पोखरालाई पर्यटकीय राजधानिको रुपमा घोषणा गर्न लाग्नु भएको हो।

समितिको अन्य सदस्यहरुमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश सचिव, सहरी योजना आयोग पोखरा महानगरपालिका उपाध्यक्ष, नेपाल पर्यटन बोर्ड प्रमुख, पोखरा पर्यटन परिषद् प्रमुख, पोखरा महानगर पर्यटन विकास समिति उपाध्यक्ष, पर्यटन विज्ञद्वय डा. रामजी शर्मा, वासुदेव त्रिपाठी, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रतिनिधि, पर्यटक प्रहरी कास्कीका प्रमुख, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको प्रशासन, योजना तथा पर्यटन महाशाखा प्रमुख वा पर्यटन हेर्ने महाशाखा प्रमुखले सचिवको रुपमा काम गर्ने गरी जिम्मेवारी तोकिएको थियो।

## गण्डकी प्रदेशको ८ महिनामा २४ प्रतिशत बजेट खर्च

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष २०८०/०८१ को करिब ८ महिनामा २४.१७ प्रतिशत मात्र बजेट खर्च गर्न सफल भएको छ।

चालु आर्थिक बर्षको यही फागुनको तेस्रो सातासम्म प्रदेश सरकारले चालु तर्फ ३० प्रतिशत खर्च गर्दा पूंजिगत तर्फ भने २२ प्रतिशत गरी जम्मा २४.१७ प्रतिशत मात्र खर्च गर्न सफल भएको प्रदेशको आर्थिक मामिला मन्त्रालयले जनाएको छ। चालु आर्थिक बर्षमा चालु तर्फ १२ अर्ब ७३ करोड ६७ लाख ३८ हजार बजेट विनियोजन भएकोमा करिब ८ महिनामा ३० प्रतिशत अर्थात ३ अर्ब ८२ करोड दश लाख २१ हजार खर्च भएको आर्थिक मामिला मन्त्रालयका सचिव बलराम रिज्यालले बताए। त्यसैगरी करिब ८ महिनासम्म प्रदेशको पुंजिगत खर्च निकै कम भएको देखिन्छ। २० अर्ब १९ करोड ४ लाख ६२ हजार यस आर्थिक बर्षमा पुंजिगत तर्फ बजेट विनियोजन भएकोमा चालु आर्थिक बर्षको फागुन २४ गतेसम्म पुंजिगत तर्फ २२ प्रशितले ४ अर्ब ४४ करोड १९ लाख १ हजार मात्र खर्च भएको सचिव रिज्यालले जनाए। त्यसै गरी ७ वटा मन्त्रालयहरु मध्य सबै भन्दा धेरै प्रगती उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयले गरेको छ। उक्त मन्त्रालयले अन्य मन्त्रालयको तुलनामा सबै भन्दा धेरै ३१.८७ प्रतिशत खर्च गर्न सफल भएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ। उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयले चालु तर्फ ३६.३५ र पुंजिगत तर्फ ३१.५३ प्रतिशत खर्च गर्न सफल भएको छ। उक्त मन्त्रालयको ५ अर्ब १ करोड बीस लाख ५ हजार विनियोजन भएको बजेट मध्य करिब ८ महिनामा चालु तर्फ १२ करोड ७८ लाख ६५ हजार खर्च भएको छ भने पूंजिगत तर्फ १ अर्ब ४६ करोड ९४ लाख ७८ हजार खर्च भएको छ। सबै भन्दा कम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको करिब ८ महिनामा खर्च १४.१० प्रतिशत भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको चालु आर्थिक बर्षको बजेट १ अर्ब १३ करोड ८८ लाख २२ हजार भए पनि चालु तर्फ १४ करोड १६ लाख ४ हजार खर्च भएको छ भने पुंजिगत तर्फ १ करोड ८९ लाख ६० हजार खर्च भएको छ।


बाँकी अन्तिम पृष्ठमा ▶▶



हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी

२५ औं

वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

सिल्भर प्लेट प्रा. लि.

पोखरा-९, सामसुङ गल्ली, बास्तोलाथर

सम्पर्क नं. : ०६१-५९१४३४, ९८५६०७१४३४

हाम्रा सेवाहरु :

VIP Hall, थ्रि डी हल, फूल डेकोरेशन सहित हात्ती चिम्पान्जी, जरायो र पानीको भ्करना साथै सुरक्षित अनि व्यवस्थित पार्किङ्गको सुविधा सहित शुभ विवाह, व्रतबन्ध, बर्थडे, सभा सेमिनार, इन्डोर आउटोर क्याटरिङ्गको लागि।



राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी

२५ औं

वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

खेलकुद, शिक्षा र स्वास्थ्यमा हाम्रो अभियान



टाईगर ग्रुप अफ पोखरा नेपाल
TIGER GROUP OF POKHARA NEPAL
KASKI

नारायण शर्मा
अध्यक्ष
तथा
टाईगर ग्रुप अफ पोखरा नेपाल परिवार

# रुपातालका स्थानीयबासी आन्दोलित

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

कास्कीको रुपाताल क्षेत्रका स्थानीयबासीहरु यति वेला आन्दोलित हुनु भएकोछ । स्थानीयको करिब ८ सय रोपनी जग्गा रुपाताल परियोजना अर्न्तगत सरकारले जग्गा रोक्का गर्दा स्थानीयले आफ्नो जग्गा अविलम्ब फुकुवा गर्न माग गर्दै आन्दोलित हुनु भएको हो ।

यसै सर्न्दभमा स्थानीयले बुधबार जिल्ला प्रशासन कार्यालय कास्कीको गेट अगाडी धर्ना समेत दिनु भएको छ। साथै स्थानियले अविलम्ब आफ्नो धेरै बर्ष देखि रोक्का रहेको जग्गा तत्काल फुकुवा गर्नुपर्ने अन्यथा उचित मुआव्जा पाउनु माग राख्दै आन्दोलन गर्न बाध्य हुनु परेको स्थानिय हरि प्रसाद अधिकारीले बताउनु भयो। साथै स्थानीयले आफ्नो माग पूरा गर्न कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेलाई टोलीले ज्ञापन पत्र समेत बुझाउनु भएको छ । रुपाताल बाध क्षेत्र समस्या समाधान समितिका संयोजक समेत रहनु भएको हरि प्रसाद अधिकारीले करिब १ हजार रोपनी जग्गा हाल रोक्का रहेको छ। न्यूनतम ४ आना देखि ४० रोपनी क्षेत्रफल भएका करिब ३ सय जना स्थानियको जग्गा रोक्का राख्नुले त्यस क्षेत्रका स्थानीयहरु आफ्नो क्षेत्रमा अबौंको परियोजना गए पनि त्यसबाट प्रभावित हुनु पर्ने संयोजक अधिकारीले गुनासो गर्नु भयो । पोखरा उपत्यका नगर विकास समितिले २०६६ साल देखि आफुहरुको जग्गा रोक्का गर्नुले आफुहरु ठुलो मारमा परेको स्थानीय




सिता अधिकारीले गुनासो गर्नु भयो । उहाँले भन्नु भयो“मेरो घर परिवारमा ५ जना सदस्य छौं, मेरा छोराछोरीको पढाई खर्च जग्गाबाटै गरौंला भन्दा भन्दै अहिले मलाई घरवार चलाउन मुस्किल भएको छ।” अहिलेकै अबस्थामा अझै यसरी नै हाम्रो जग्गा रोक्का मात्र राख्ने आफुहरुको माग पूरा नभए रुपा ताल परियोजनाको काम समेत प्रभावित पार्ने गरी आन्दोलन गर्ने उहाँले दाबी गर्नुभयो। रुपाताल एकिकृत परियोजनाले आफ्नो परियोजनालाई आवश्यक पर्ने जग्गा समयमै उचित मुआव्जा दियर अधिग्रहण गर्नुपर्ने स्थानीय धुर्व्र मोहन भट्टराईले बताउनुभयो।

अधिवक्ता समेत रहनु भएको भट्टराईले सरकारले नागरिकको सम्पत्तिलाई लामो समय बन्दक बनाई रोक्का राख्न नमिल्ने दाबी गर्नु भएको छ । सर्वोच्च अदालतले जग्गा ताल संरक्षण समेतका कार्यको लागी आवश्यक पर्ने भए क्षेत्रफल यकिन गरी उचित मुआब्जा प्रदान गरी जग्गा प्राप्त गर्ने तर्फ यथाशिघ्र आवश्यक पहल गर्नु र रोक्का राख्न नपर्ने जग्गा अविलम्ब फुकुवा गर्ने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गरेको ५ बर्ष वित्दा समेत कसैको चासो र चिन्ता नभएकोमा आफुहरु निकै दुखि भएको उहाँले जनाउनु भयो । यस बिषयमा रुपाताल संरक्षण एकीकृत परियोजनाका सूचना अधिकारी कृष्ण बहादुर बि.क.ले आफुहरुसंग प्रयाप्त मात्रमा मुआव्जाको रकम अभावले गर्दा स्थानीयले भने जस्तै जग्गा हाल रोक्का गर्नु परेको बताउनु भयो । आउदो नयाँ बजेटमा करिब ६० करोड मुआब्जाको लागि बजेट विनियोजन भएको अबस्थामा मात्र आफुहरुले रोक्का राखेको जग्गाको मुआब्जा दिने उहाँले बताउनु भयो । हालसम्म करिब ९ सय ९५ रोपनीको ८७ करोड मुआब्जा वितरण गरीएको सूचना अधिकारी बि.क.ले बताउनु भयो। करिब ४ अर्बको परियोजनाको हाल करिब ४० प्रतिशत मात्र काम भएको परियोजनाले जनाएको छ।

# गण्डकी ...

बजेटको हिसावले सबै भन्दा धेरै बजेट भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्रालयको करिब ८ महिनामा २१.१३ प्रतिशत खर्च गर्न सफल भएको आर्थिक मामिला मन्त्रालयका सचिव रिज्यालले जनाए। चालु आर्थिक बर्षमा १२ अर्ब ८ करोड ९९ लाख २४ हजार बजेट विनियोजन भए पनि यस मन्त्रालयले करिब ८ महिनामा चालु तर्फ १७ करोड ५१ लख ६२ हजार खर्च गर्दा पुंजिगत तर्फ भने २ अर्ब ४६ करोड असी लाख ४२ हजार खर्च गर्न सफल भएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले करिब ८ महिनामा २६.८९ प्रतिशत खर्च गरेको छ भने कृषि तथा भूमि व्यबस्था मन्त्रालयले १९.८८ प्रतिशत बजेट खर्च गरेको छ । त्यस्तै प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले २८.३१ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ। समग्रमा हेर्दा प्रदेशको अझै पनि बजेट समयमै खर्च हुन नसकेको बताउदै सचिव रिज्यालले केही विधि र प्रकृयाले गर्दा बजेट खर्चको नतिजा करिब ८ महिनामा देखाउन निकै कठिन भएको जनाए । अधिकांश योजनाहरु कार्न्यान्वयनमा गएको केही बहुबर्षीय योजनाहरुको अध्ययन तथा डिपिआर लगायतका कारणले गर्दा कार्यान्वयनमा ढिलाई भएको उनले जनाए । प्रदेश सरकार हाल अलपमतमा परेकोले केही योजनाहरु कार्यान्वयनमा केही प्रभाव पर्न सक्ने आशंका गरिएको छ। यद्यपी आफ्नो कार्यभारमा सरकार परिवर्तनले खासै असर नपर्ने कर्मचारीले बताउदै आएका छन् । प्रदेशको चालु आर्थिक बर्षमा ३३ अर्ब ४२ करोड ७२ लाखको बजेट विनियोजन भएको हो ।










फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धम्पुस उत्सव, विविध खेलकुद तथा सांस्कृति कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

कास्कीको पर्यटकीय गाँउ धम्पुसमा बुधबारदेखि धम्पुस उत्सव २०८०, विविध खेलकुद तथा सांस्कृति कार्यक्रम सुरु भएको छ। स्थानिय मिलन युवा क्लवको आयोजनामा आउँदो चैत ३ गतेसम्म चल्ने उक्त उत्सवको एक समारोहका बिच माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङले उद्घाटन गर्दै उक्त खेलकुद सहितको विविध सांस्कृतिक कार्यक्रमले धम्पुस क्षेत्रको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने बताउनु भयो।

समाजमा सकरात्मक सन्देश दिन युवा परिचालन गर्न समाजका यस्ता क्लवहरु सक्रिय रुपमा विभिन्न गतिविधिहरु गर्न उहाँले आग्रह गर्नु भयो। कार्यक्रममा बोल्दै माछापुच्छ्रे गाउँपालिका ७ का वडा अध्यक्ष बैकुण्ठ प्रसाद भण्डारीले कास्कीको पर्यटनको पुरानो गन्तव्य भएकोले खेल पर्यटनको प्रबर्द्धन गर्न वडाले सो कार्यक्रमको लागि २ लाख बजेट व्यबस्था गरेको जनाउनु भयो। यस्ता उत्सवले गाँउ पर्यंटनको विकासमा सहयोग हुने उहाँको भनाई थियो । कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका ९ का वडा अध्यक्ष हरि बहादुर क्षत्री, ७ का वडा सदस्य गायत्री भण्डारी, एमालेका कुल प्रसाद भण्डारी, माओबादी केन्द्रका डिललीराम भण्डारी लगायतले वोल्नु भएको थियो । टोल स्तरिय समुहिक नृत्य प्रतियोगितामा पोखरी धम्पुस आमा समुह प्रथम भएको छ । सामाजिक, शैक्षिक र आर्थिक स्तरवृद्धिको लागि सचेतना जगाउन साथै कला संस्कार, संस्कृत्तिको जगेनां, खेलकुद बिकासमा अग्रणी गरी सभ्य समाज एवं युवा युवतीको सम्पूर्ण प्रकारको प्रतिभा उजागर गराउने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गर्न लागिएको क्लवका अध्यक्ष ललित पुनले बताउनु भयो । उक्त कार्यक्रम सम्पन्न गर्न करिब ८ लाख ९४ हजार खर्च लाग्ने क्लवका असोक थापाले बताउनु भयो। सो कार्यक्रमबाट करिब २६ हजार बचत गर्ने क्लवले लक्ष्य राखेको छ। विविध सांस्कृतिक कार्यक्रम अर्न्तगत राष्ट्रिय, स्थानिय कलाकार देखि सामुहिक नृत्य लगायतका कार्यक्रम हुने भएको छ । उद्घाटनको अवसरमा आयोजक मिलन युवा क्लव ए र बि बिचको मैत्रिपूर्ण खेलमा आयोजक एलाई बीले २–१ को सेटमा पराजित गरेको हो। कास्कीको माछापुच्छ्रे गाउँपालिका ७ मा पर्ने लेककुनामा उक्त कार्यक्रम सुरु भएको छ भने उक्त कार्यक्रमको मुख्य आकर्षणमा कास्की जिल्ला वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता रहेको क्लवका अध्यक्ष पुनले बताउनु भयो। प्रतियोगितामा २५ टिमको सहभागिता हुने उहाँले जनाउनु भयो । प्रतियोगिताको विजेतालाई नगद एक लाख, उपविजेतालाई नगद ६० हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको अध्यक्ष पुनले जनाउनु भयो । उक्त कार्यक्रममा क्लव स्तरिय महिला भलिवल प्रतियोगिता समेत हुने भएको छ । प्रतियोगिताको विजेतालाई ४० हजार, उपविजेतालाई २५ हजार प्रदान गरिने भएको छ। भलिवलको पुरुष तर्फ शान्त्वना हुने सेमिफाइनलमा पराजित भएका दुई टिमलाई जनही १०/१० हजार प्रदान गरिने भएको छ। भलिवलको पुरुष तथा महिला तर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही ५ हजार, अन्य ५ विधामा जनही २ हजार ५ सयका दरले पुरस्कार प्रदान गरिने भएको छ। त्यस्तै उक्त उत्सवमा प्रौढ भलिवल प्रतियोगिता, पुरुष रस्साकसी प्रतियोगिता, पुरुष छेलो प्रतियोगिता हुने भएको खेल संयोजक बुद्ध सिंहले बताउनु भयो।

# विदेशी पर्यटक सहित बालकदेखि ज्येष्ठ नागरिक साइक्लिङ गर्दै

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

पोखरामा शुक्रबारदेखि सुरु हुने गल्फ प्रतियोगिताको पूर्व सन्ध्यामा बिहीबार सुन्दर नगरी पोखरामा साइकल ऱ्याली आयोजना गरिएको छ। पोखराको हल्लनचोकदेखि सुरु भएको साइकल ऱ्याली पोखराका विभिन्न नगर परिक्रमा गरी हिमालयन गल्फ कोर्षमा पुगेर टुंगिएको थियो।

उक्त साइकल ऱ्यालीमा विदेशी पर्यटक देखि बालबालिका हुदै ८१ बर्षका ज्येष्ठ नागरिक समेत सहभागि हुनु भएको थियो । हल्लनचोकबाट सुरु भएको ऱ्याली सहिद चोक, सभागृह चोक, चिप्लेढुंगा चोक, महेन्द्र पुल, रानी पौवा, चाउथेचोक र मजेरी पाटन हुँदै हिमालयन गल्फ कोर्समा पुगेर सम्पन्न भएको थियो।

ऱ्यालीको उद्धाटन गर्दै बाह्रखरी मिडियाका प्रधान सम्पादक प्रतीक प्रधानले पोखरालाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न यस्ता खेलकुदका प्रतियोगिता आयोजना गर्नु पर्नेमा जोड दिनु भयो। पोखरालाई पर्यटकीय राजधानीमात्र



नभई संसारकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउन सकिने दाबी गर्दै उहाँले पोखरालाई पर्यटनको राजधानि घोषणाको पूर्व सन्ध्यामा यस कार्यक्रम गरिएको उल्लेख गर्नु भयो । उक्त ऱ्यालीको उद्घाटन गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक (डीआईजी) बिकासराज खनाल, पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ, प्रधानसम्पादक प्रधानले संयुक्त रुपमा रिवन काटेर गर्नु भएको हो । ऱ्यालीमा ९ वर्षीय आरोही बराल देखि ८१ बर्षका टोपराज ढुंगनासम्मका विभिन्न संघ संस्थाका प्रतिनिधिहरु गरी करिब २ सय जना साइक्लिस्टहरु सहभागि भएको थियो । ऱ्यालीमा सहभागिहरुलाई विभिन्न टोलमा आमा समुहले स्वागत गर्नु भएको थियो । पोखरामा हुने गल्फ प्रतियोगितामा व्यवसायीक गल्फर देखि अमेच्योर तथा उद्योगी तथा व्यवसायी गरी १ सय भन्दा बढी सहभागि हुने भएका छन्। शनिबार प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण सहित प्रतियोगिताको समापन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) आउने कार्यक्रम तय भएको छ।

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको सुअवसरमा
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना
सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।
गण्डकी, धौलागिरी अञ्चलका लागि
सोनालिका ट्र्याक्टरको अधिकृत बिक्रेता
टि. टि. इन्टरनेशनल प्रा. लि.
पोखरा-९, नयाँबजार, फोन नं.: ०६१-५८२४४०

राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको
सुअवसरमा पत्रिकाको उत्तरोत्तर
प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं।
भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत
तथा
रूद्रकुमारी गुरुङ्ग
अध्यक्ष
पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
पोखरा-१०, बुद्धचोक, कास्की, फोन नं.: ०६१-५८७८३३
Email : info@royalcooperative.com
Web: www.royalcooperative.com

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको सुअवसरमा
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना
सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।
गणेशप्रसाद कोइराला
प्रबन्ध निर्देशक
URL
तथा
ठाकुरप्रसाद पन्थ
अध्यक्ष
युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल)
गिरी कम्प्लेक्स, पोखरा-८, न्युरोड । फोन नं : ०६१-५४३५०३

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक पोखरापत्र पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको सुअवसरमा
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना
सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

सिटिजन फर्निचर
पोखरा-९, न्यूरोड, फोन : ०६१-५८८७५९
तेस्रो मुलुकबाट आयातित अत्याधुनिक आकर्षक घरायसी/अफिसियल फर्निचर तथा फर्निसिङ्गका सामानहरुको यस क्षेत्रकै एकमात्र थोक तथा फुटर बिक्रेता

# कास्कीमा १ सय ३८ जनाले जग्गा धनी प्रमाणपत्र पूर्जा पाउने निर्णय, २० हजारको आवेदन

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

राष्ट्रिय भूमि आयोग जिल्ला समिति कास्कीले कास्कीमा १ सय ३८ जनालाई जग्गाधनि प्रमाणपत्र पूर्जा दिने निर्णय गरेको छ । आयोग कास्कीका अध्यक्ष गंगा पोखरेलको नेतृत्वको टोलीले आफ्नो करिब २६ महिनाको अवधिमा पोखरा महानगरका १ सय ३६ र अन्नपूर्ण गाउँपालिका २ गरी १ सय ३८ जनालाई जग्गा धनी प्रमाणपत्र पूर्जा दिने निर्णय गरेको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जनाइएको हो ।



जसमध्य अव्यबस्थित बसोबासी पोखरामा ७४ जना र भूमिहिन दलित/सुकुम्बासी पोखरामा ६२ जना र अन्नपूर्ण गाउँपालिकामा २ जनालाई जग्गाधनि प्रमाणपत्र पूर्जा दिने निर्णय गरेको आयोग कास्कीका अध्यक्ष गंगा पोखरेलले बताउनु भयो ।

त्यसै गरी कास्कीमा १७ हजार ७८ जनालाई नाप नक्साको निस्सा वितरण गरिएको उहाँले जनाउनु भयो । पोखरा महानगरमा १६ हजार ४ सय जनालाई उक्त निस्सा वितरण गरिएको छ भने अन्नपूर्ण गाउँपालिकाका ६ सय ७८ जनालाई निस्सा वितरण गरिएको अध्यक्ष पोखरेलले जनाउनु भयो । कास्कीका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासी मध्य पोखरा महानगर, अन्नपूर्ण, रुपा, मादी र माछापुच्छ्रे गाउँपालिकाकाबाट २० हजार ६ सय ३५ जनाले आयोगमा निवेदन दिनु भएको थियो । कास्कीका ५ पालिकाहरु मध्य सबै भन्दा धेरै पोखरा महानगरमा १८ हजार ४ सय ६० भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीले निवेदन दिनु भएको थियो भने सबै भन्दा कम मादी गाउँपालिकाले भने १ सय ९० जनाले मात्र आवेदन दिनु भएको आयोगले जनाएको छ । आफ्नो कार्यकालमा कास्कीमा अव्यबस्थित तर्फ १ सय १२ रोपनी १२ आना जग्गा वितरण गरिएको छ भने भुमिहीन दलित/सुकुम्बासी तर्फ ७ रोपनी जग्गा वितरण गरिएको छ । आयोगले कास्कीमा अब्यबस्थित बसोबासीबाट ५ करोड ८० लाख ६८ लाख ५५ रुपैया राजश्व संकलन गर्न सफल भएको अध्यक्ष पोखरेलले जनाउनु भयो । अब्यबिस्थत बसोबासीलाई सेतो पूर्जा उपलब्ध गराए वापत ८ देखि २ सय प्रतिशतसम्म रकम अशुल उपर गर्न आयोगलाई निर्देशन बताइन्छ ।

कास्कीमा अधुरो तथा अपुरो भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुलाई आयोगले यही फागुन २४ गते ३५ दिने सूचना जारी गरी समय सिमा भित्र निवेदन दिन आव्हान गरेको आयोगका सदस्य उमाकुमारी थापाले बताउनु भयो । आयोगले सरकारले दिएको निर्देशन अनुसार आफुहरुले काम गर्दै आएको आयोगका अर्को सदस्य आस बहादुर गुरुङले बताउनु भयो । आफुहरुले असली सुकुम्बासीलाई सत्य र तथ्यका आधारमा पूर्जा केहीलाई दिदै अन्यलाई दिने काम अघि बढाएको अर्कों सदस्य सोम बहादुर नेपालीले बताउनुभयो ।

कास्कीमा रहेका भूमि हिन दलित, भूमिहिन सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई सर्जिकल मुचुल्काका आधारमा आवश्यक व्यक्ति एवं परिवारलाई रातो लालपूर्जा वितरण गरिएको आयोगले जनाएको छ ।

२०५२ साल देखिका अधुरा अपुरा कामलाई पुरा गर्ने तर्फ पनि आफुहरुको ध्यान केन्द्रित भएको अध्यक्ष पोखरेलले बताउनुभयो ।

# मालढुङ्गा-बेनी सडक निर्माण तीव्र

**पोखरापत्र संवाददाता**
पर्वत, १ चैत


उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत मालढुङ्गा-बेनी सडक निर्माण तीव्र गतिमा भइरहेको छ ।

निर्माण अवधि सकिएर पटकपटक म्याद थप गर्दासमेत कामको प्रगति नदेखिएपछि गत माघ दोस्रो साता सम्झौता रद्द गर्ने चेतावनी आयोजनाले दिएको थियो । चेतावनीपछि मुख्य ठेकेदार कम्पनीनै काममा फर्किएर निर्माणलाई तीव्रता दिएको हो । सडक निर्माणको जिम्मा लिएको एपेक्स-खड्का जेभी कन्स्ट्रक्सनले काम सम्हालेको कालीगण्डकी करिडोर आयोजनाअन्तर्गत मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालय जोमसोमले जनाएको छ । यसअघि उक्त कम्पनीले सहायक ठेकेदार कम्पनी ओमकारेश्वर कन्स्ट्रक्सनलाई जिम्मा दिएको थियो ।

आयोजना कार्यालय जोमसोमले गत माघ दोस्रो साता ठेकेदार कम्पनीका प्रतिनिधिसँग छलफल गरेको थियो । छलफलमा आयोजना कार्यालयले तत्काल कामको प्रगति देखिनेगरी निर्माण सुरु नगरे ठेक्का रद्द गर्ने र पुनःनयाँ टेण्डर प्रक्रियामा जाने चेतावनी दिएपछि आफूहरु काममा फर्किएको एपेक्स-खड्का जेभी कन्स्ट्रक्सनका मुख्य प्रतिनिधि हरिबहादुर खत्रीले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार विगत दुई सातादेखि पर्याप्त मजदुर र उपकरण राखेर गतिमा निर्माण अघि बढेको छ । सम्झौतामा ३० महिनाभित्र सडक सम्पन्न गर्नुपर्ने उल्लेख भए पनि तीन वर्षमा जम्मा ४५ प्रतिशत मात्र प्रगति भएको छ । दोस्रो पटक थपिएको म्यादसमेत गत आर्थिक वर्षको असारमा सकिएको थियो भने पुनःतेस्रो पटक छ महिना थप गरेको समय पुस मसान्तमा सकिएको छ । पुनःअसार मसान्तसम्म म्याद थप गर्ने तयारी भइरहेको आयोजनाका साइड इञ्चार्ज इञ्जिनियर अच्युतविलास पन्तले जानकारी दिनुभयो ।


उक्त अवधिभित्र काम सम्पन्न गर्नुपर्ने उहाँको भनाइ छ । ठेक्का सम्झौतामा कालीगण्डकी नदीबाटै निर्माण सामग्री उत्खनन गर्ने उल्लेख भए पनि सर्वोच्च अदालतको आदेशका कारण सामग्री प्रयोग गर्न नपाएको भन्दै अब छिमेकी जिल्ला वा अन्य वैकल्पिक उपाय अपनाएर भए पनि सामग्री उपलब्ध गराई निर्माणलाई तीव्रता दिने र थप भएको अवधिभित्रै निर्माणसक्ने एपेक्स-खड्का जेभी कन्स्ट्रक्सनका प्रतिनिधि खत्रीले बताउनुभयो ।







# सुन तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले बुझायो प्रतिवेदन

**रासस**
काठमाडौं, १ चैत

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग, २०८० ले सरकारलाई प्रतिवेदन बुझाएको छ।

आयोगका अध्यक्ष डिल्लीराज आचार्यले बिहीबार उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेलाई उक्त प्रतिवेदन हस्तान्तरण गर्नुभयो।

प्रतिवेदन बुझ्दै गृहमन्त्री लामिछानेले प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। "दोषीलाई कारबाही र सुधारका लागि सुझाइएका उपायको कार्यान्वयन गरिनेछ", उहाँले भन्नुभयो। जुनसुकै खालको कमजोरी गर्ने निकाय र व्यक्तिविरुद्ध कारबाही हुने दृढता व्यक्त गर्दै उपप्रधानमन्त्री लामिछानेले विगतमा उन्मुक्ति दिन सहयोग गर्नेलाई पनि कानून मातहत ल्याइने बताउनुभयो।

सरकारले गत असोज १५ गते सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग, २०८० गठन गरेको थियो।

पूर्वन्यायाधीश आचार्यको अध्यक्षतामा गठित आयोगमा सहकुलबहादुर थापा, किशोरजङ्ग कार्की र प्रेमराज जोशी सदस्य रहनुभएको थियो।

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक
पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी
२५ औँ
वर्षमा प्रवेश गरेको सुअवसरमा
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना
सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
डा. टेकनारायण पौडेल
प्रिन्सिपल
तथा
हिमालयन बोर्डिङ स्कुल
पोखरा-१७, घारीपाटन,
फोन नं.: ०६१-४५१४०५, ४५६२२२

# मनाङको विकास निर्माणमा प्रदेशको चासो

**रासस**
मनाङ, १ चैत

हिमाली जिल्ला मनाङको विकास निर्माणमा गण्डकी प्रदेशले चासो दिएको छ। मनाङको विकास निर्माणका लागि विभिन्न योजनालाई प्राथमिकतामा राखी आर्थिक वर्ष २०८०/८१ को वार्षिक विकास कार्यक्रमअन्तर्गतका योजना निर्माणलाई बजेट विनियोजन गरिएको छ।

प्रदेश सरकारबाट 'तालदेखि कार्ते, धारापानीसम्मको पदमार्ग चामे गाउँपालिका-२ मनाङ' आयोजनालाई बजेट प्राप्त भएको गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले जानकारी दिनुभयो। 'ताल, खोत्रो हुँदै धारापानी पर्यटकीय वैकल्पिक पदमार्ग निर्माणका लागि बजेट विनियोजन भएको उहाँले बताउनुभयो।मन्त्रिपरिषद्बैठकबाट संशोधनसहित समायोजन गरी उक्त पदमार्ग निर्माणलाई अगाडि बढाइएको सांसद गुरुङले बताउनुभयो।

उहाँका अनुसार वैकल्पिक पदमार्ग नासों गाउँपालिका-१, २ र ३ नम्बरमा पर्दछन्। पदमार्गका लागि रु ३० लाख विनियोजन भएको छ। उहाँले भन्नुभयो, "बजेट विनियोजन भएसँगै मनाङको विकास निर्माणको काम हुने समय भएकाले कामको सुरुआत गर्न निर्देशन भइसकेको छ। मन्त्रालयमा प्रक्रिया अघि बढ्छ। यता कामको सुरुआत पनि हुन्छ।" विसं २०७८ जेठ १४ र असार १ मा बाढीले हिमाली जिल्ला मनाङको तातोपानी कुण्ड बगायो। चामे गाउँपालिका-५ चामे तातोपानी कुण्ड बाढीले बगाएपछि संरचना नै भत्किएको छ। विनाशकारी बाढीले भत्किएका संरचना निर्माणका लागि गण्डकी प्रदेश सरकारले चासो दिएको छ।

गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट कुण्डको मर्मतसम्भारका लागि आर्थिक वर्ष २०८०/८१ को वार्षिक विकास कार्यक्रमअन्तर्गत बजेट विनियोजन गरिएको हो। प्रदेश सरकारबाट चामे तातोपानी कुण्ड मर्मतसम्भारका लागि रु १५ लाख विनियोजन भएको गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ गुरुङले जानकारी दिनुभयो। कुण्ड नहुँदा यहाँका स्थानीय तातोपानीकै खोजीमा जानुपर्ने बाध्यता हटाउन कुण्डका लागि बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "मनाङ आएर चिसो लागेको खण्डमा यही तातोपानी कुण्डमा नुहाउँदा निको हुने गरेको पाइन्थ्यो। यसको संरक्षण गर्नुपर्छ भनेर प्रदेश सरकारबाट बजेट प्राप्त भएको छ। तातोपानी प्राकृतिक चिकित्सा क्षेत्र हो।" कतिपय मानिस यहाँको तातोपानीमा नुहाउनकै लागि मात्रै पनि मनाङ आउने गरेका थिए। तर, पानीको कुण्ड मर्स्याङ्दी नदीमा आएको बाढीले बगाएपछि तातोपानीमा नुहाउन आउने सेवाग्राही तथा पर्यटक आगमन कम भएको स्थानीयको भनाइ छ।

उक्त कुण्डको संरक्षण गर्नुपर्ने स्थानीयवासीको माग रहँदै आएको छ। हिमाली क्षेत्रको चिसोमा तातोपानी उपयोग गरेमा स्वस्थ हुने सेवाग्राही बताउँछन्। तातोपानीले नुहाउँदा शरीरमा हुने विभिन्न किसिमका रोगको नियन्त्रण तथा निको हुने विश्वास गरिन्छ। त्यस्तै नासों गाउँपालिका-८ ताचै गाउँ घट्टेखोला र मर्स्याङ्दी नदीको कटानले बस्ती जोखिममा छ। जोखिम बस्ती संरक्षणको माग ताचैका स्थानीयवासीको छ। स्थानीयवासीको माग प्रदेश सरकारले सुनुवाइ गर्दै ताचै बस्ती संरक्षणका लागि रु १५ लाख विनियोजन गरेको छ। ताचैको बस्ती संरक्षणमा प्रदेश सरकारले चासो दिएकामा स्थानीय हर्षित भएका यज्ञ घलेले बताउनुभयो।

यहाँको बस्ती बाढी र पहिराले जोखिम रहेको छ। पूर्वाधार विकास कार्यालय मनाङका प्रमुख जय विष्टले प्रदेशमार्फत बजेटको व्यवस्थापन भएअनुसार नै मनाङको विकासको काम गर्ने समय भएकाले काम थालिने बताउनुभयो। मनाङमा चिसो कम हुँदै गएकाले विकास निर्माणको कामले गति लिने उहाँले बताउनुभयो। हिउँदको समयमा यहाँ बढी चिसो र हिउँ पर्ने हुँदा सिमेन्टजन्य विकास निर्माणको काम रोकिन्छ। चैत लागेसँगै चिसो छल्न बैंसी झरेका यहाँका स्थानीय गाउँ फर्किने र विकासका काम पनि अघि बढ्छ।

राष्ट्रिय दैनिक
पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी
२५ औँ
वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
प्रताप गुरुङ
अध्यक्ष
तथा
ड्यामसाइड क्लब
पोखरा-१७, कास्की

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक
पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी
२५ औँ
वर्षमा प्रवेश गरेको सुअवसरमा
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना
सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
दिपक गोदार
अध्यक्ष
सुवास खड्का
सदस्य सचिव
पोखरा महानगरपालिका खेलकुद विकास समिति, कास्की

☞ २४ सै घण्टा आकस्मिक (Emergency) सहित एम्बुलेन्स सेवा।
☞ Vantilator, ICU, NICU सहितको सुविधा सम्पन्न क्याबिन भएको अन्तरङ्ग सेवा।
☞ विशेषज्ञता प्राप्त चिकित्सकद्वारा पेट, छाती, मुटु, सुगर, थाइराइड, बालरोग, स्त्रीरोग, हाडजोर्नी, स्नायु, न्युरो जस्ता सबै किसिमका बहिरंङ्ग सेवा।
☞ पेट नचिरीकन पित्तथैलीको पत्थर निकाल्ने ल्याप्रोस्कोपी सर्जरी सहितको सबै किसिमका अपरेसन सेवा।
☞ कम्प्युटराइज्ड प्याथोलोजी ल्याब परीक्षण देखि Video Endoscopy, P.F.T (फोक्सोको जाँच), Sigmoidscopy (ठूलो आन्द्राको दुरबिनद्वारा गरिने जाँच), Echo cardiography (मुटुको भिडियो एक्सरे), USG जस्ता परीक्षणात्मक सेवा।
☞ अशक्त, बिरामीलाई लिफ्ट प्यामसहित सजिलैसँग चढ्न सक्ने भऱ्याङको सुविधायुक्त सेवा।
☞ प्रत्येक महिनाको २५ गते खोप सेवा।
ॐ हस्पिटल (प्रा.लि.)
डाइग्नोष्टिक एण्ड रिसर्च सेन्टर
महेन्द्रपुल, पोखरा, नेपाल
फोन : ०६१-५८४५६६, ५८४५७७, ५८४००७
Email : om.hospital2055@gmail.com

# बागलुङमा चौतारी संरक्षण अभियान

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

पछिल्लो समय वरपीपलका चौतारी मासिँदै आएका छन् । परम्परागत तरिकाले निर्माण गरिएका उक्त सम्पदा मासिन थालेपछि बागलुङमा संरक्षण गर्न थालिएको हो ।

सडक विस्तारका क्रममा मासिएका चौतारीलाई यहाँ संरक्षण गर्न थालिएको हो । मासिँदै आएका वरपीपल चौतारीले मौलिक सम्पदा गुमेको भन्दै चौतारी संरक्षण अभियान थालिएको छ ।

सडक विस्तारका क्रममा सार्वजनिक स्थलमा रहेका चौतारी र वरपीपल मासिन थालेपछि नयाँ चौतारी निर्माण गर्ने र भइरहेका चौतारीलाई मर्मतसम्भार गर्ने अभियान थालिएको छ। बागलुङ नगरपालिका-३ देउराली चोक नजिकैको हनुमानपौवाको चौतारी पुनःनिर्माण गरिएको छ । सडक विस्तार र पहिरोका कारण चौतारी भत्किएर बस्नै नमिल्ने भएपछि स्थानीय तीर्थप्रसाद श्रेष्ठको सहयोगमा चौतारी संरक्षण गर्न थालिएको बागलुङ नगरपालिका-३ का वडाध्यक्ष सनी केसीले जानकारी दिनुभयो । “हनुमान पौवामा पाँच वर्ष पहिलासम्म परम्परागत धारोमा पानी आउँथ्यो, चिटिक्क परेको चौतारी थियो तर सडक विस्तार र पहिरोका कारण जमिन भासिँदा सार्वजनिक शौचालयसहित चौतारो भत्किएको थियो”, वडाध्यक्ष केसीले भन्नुभयो, “बागलुङ बजारको प्रवेशद्वारमै चौतारो भत्किएको थियो, त्यसैले स्थानीय तीर्थ श्रेष्ठको आर्थिक सहयोगमा अहिले चौतारी, शौचालय र खानेपानीको काम भएको छ ।” पछिल्लो समय बागलुङ बजारभित्र रहेका वरपीपल चौतारी मासिनेक्रम बढेकाले संरक्षण गर्न दाताको सहयोग पाएको वडाध्यक्ष केसीको भनाइ छ।

हनुमानपौवामा सुन्धाराको जस्तै खानेपानीको धारा रहेकामा पछिल्ला वर्षमा संरक्षण अभावमा भत्किएकाले पुनःश्रेष्ठकै सहयोगमा खानेपानीको धारा पुनःनिर्माण गरिएको हो । बागलुङ नगरपालिका-१ रामरेखास्थित सहिद पार्कअघि हालै नयाँ चौतारी निर्माण गरिएको छ । वरपीपल चौतारी मासिने सन्दर्भमा यहाँ भने नयाँ चौतारी बन्नु सुखद रहेको पाइएको छ । यस्तै बागलुङ नगरपालिका-८ सिँगाना थापाथर नजिकै फागुन महिनामै श्रमदानबाट नयाँ चौतारी निर्माण गरिएको छ । घर नजिकै रहेको चौतारी पहिरोले पुरेपछि स्थानीयको पहलमा सडक छेउको घुम्तीमा चौतारी निर्माण गरिएको स्थानीय युवा राजीन खड्काले बताउनुभयो । खड्काले गाउँमा युवा जुटेको समयमा श्रमदान गरेर सडक छेउमा चौतारी निर्माण गरेको बताउनुभयो ।

“सार्वजनिक सम्पत्तिका रुपमा रहेका चौतारी मासिनेक्रम बढेकाले थापाथर जाने सडकको घुम्तीमा यहाँका युवाको सक्रियतामा चौतारी चिनिएको छ, आर्थिक सहयोग जुटाएर प्लास्टरसहित रङरोगन गरी चिटिक्क पार्ने हाम्रो योजना छ”, खड्काले भन्नुभयो “रोजगारीका लागि विभिन्न देशमा गएका युवा घर फर्केका समयमा श्रमदान गरेर बनाइएको चौतारीमा वरपीपल भने सार्न बाँकी छ ।” सडक विस्तारका क्रममा सयौँ वरपीपल चौतारी मासिएका सन्दर्भमा बागलुङमा चौतारी संरक्षण गर्न स्थानीय अग्रसर भएका हुन् ।

# अन्नपूर्ण क्षेत्रमा बढ्न थाले पर्यटक

पोखरापत्र संवाददाता
पोखरा, १ चैत



दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै पदयात्राका लागि विश्व प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा पर्यटकको आउजाउ बाक्लिन थालेको छ । गत पुस-माघमा उक्त क्षेत्रमा भित्रने विदेशी पर्यटकको सङ्ख्या घटेकामा फागुनयता भने विस्तारै बढिरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ ।

आयोजनाका प्रमुख डा रविन कडरियाका अनुसार गत फागनमा १५ हजार तीन सय ६९ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका छन् । पर्यटनका लागि ‘अफसिजन’ मानिने पुसमा आठ हजार चार सय ९२ र माघमा जम्मा छ हजार एक सय ७९ पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए । “असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई मुख्य पर्यटकीय याममा यस क्षेत्रमा पर्यटकको चहलपहल बढ्छ”, प्रमुख डा कडरियाले भन्नुभयो, “जाडो र वर्षात्को याममा कम पर्यटक घुम्न आउँछन् ।”

चैत-वैशाखमा अझ धेरै पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रने उहाँले बताउनुभयो । असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्रा पर्यटनका लागि उत्तम मानिन्छ । यी दुवै याममा अन्नपूर्ण क्षेत्रमा पदयात्राका लागि विदेशी र आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गर्छ । पहिलो मुख्य पर्यटकीय यामको सुरु महिना असोजमा २८ हजार सात सय पाँच पर्यटक घुमफरिका लागि उक्त क्षेत्रमा पुगेका थिए । कात्तिकमा २४ हजार चार सय १६ र मङ्सिरमा ११ हजार नौ सय २८ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए ।

पछिल्लो समय भारतीय पर्यटक बढे पनि तेस्रो मुलुकका पर्यटकको सङ्ख्या भने घट्दै गएको प्रमुख डा कडरियाले बताउनुभयो । पुराना पदमार्ग विस्थापित हुँदै जाँदा पदयात्राका लागि आउने युरोप-अमेरिकाका पर्यटकको सङ्ख्या घटेको उहाँको भनाइ छ । सन् २०२३ मा अहिलेसम्मकै बढी विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयले जनाएको छ । उक्त वर्ष एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए । त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए ।

कोभिड-१९ महामारीका बेला पर्यटक आगमन ह्वात्तै घटेकामा महामारीको अन्त्यसँगै अन्नपूर्ण क्षेत्रको पर्यटनले फेरि पुरानै लय समातेको हो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए भने सन् २०२२ मा एक लाख २९ हजार सात सय ३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए । अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । आयोजना कार्यालयले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ ।

सडकमार्ग भएर मुस्ताङ, मुस्ताङलगायतका ठाउँ छिर्ने आन्तरिक पर्यटकको सङ्ख्या यकिन नै गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। विश्वका उत्कृष्ट १० गन्तव्यभित्र परिसकेको अन्नपूर्ण क्षेत्रको पहिचानलाई कायमै राख्न त्यस क्षेत्रका पदमार्गलाई जोगाउनु आवश्यक रहेको उहाँको भनाइ छ। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ।

तीन वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नैपर्ने दश गन्तव्य सूचीमा राखेको थियो । गत कात्तिकमा नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविर पुगेपछि त्यस क्षेत्रले थप चर्चा पाएको थियो । अमेरिकी सञ्चारमाध्यम ‘द न्युयोर्क टाइम्स’ले सन् २०२४ मा घुम्न उपयुक्त विश्वभरका ५२ ठाउँको सूचीमा समावेश गरेको मुस्ताङ पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्छ। यसअघि अमेरिकाकै अर्को समाचार संस्था ‘सिएनएन’ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा मुस्ताङ उपत्यकालाई समेटेको थियो ।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिन्छ । सडकमार्ग हुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्न सकिन्छ । हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ।

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औं वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
रामबहादुर मोची
प्रिन्सिपल
तथा
कास्की मोर्डनाइज्ड एकेडेमी
पोखरा-१, वि.पी. मार्ग, चाउथे
फोन नं.: ०६१-५८९००८, ५८९००७

हार्दिक शुभकामना
राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औं वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
A perfect preschool focused on holistic development of the children.
Safe Kids Pre-School
(MONTESSORI)
Darbarthok, Nayabazar, Pokhara
Phone: 061-582762, 9863800102, 9856024146

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औं वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
केशवराज बराल
अध्यक्ष
तथा
सहारा क्लब
पोखरा

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औं वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ।
नरेश भट्टराई
अध्यक्ष
तथा
रेस्टुरेण्ट एण्ड बार एशोसिएन अफ नेपाल (रेबान), पोखरा परिवार

# पोखराको आँटीघर मौजामा आँटीघर भिलेज जंगल रिसोर्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

प्रायः युवा शक्ति बाहिरिएका वेला स्वदेशमा केही गर्नु पर्छ भन्दै गतिलो उदाहरण दिनु भएको छ पोखराका एक व्यवसायीले।

डेढ दशक विदेशमा बसेर प्राप्त गरेको ज्ञान तथा सिपको साथमा आर्जन गरेको रकम पुर्खाको जमिन संरक्षण गर्ने भन्दै स्वदेश फर्कियरका सरोज गुरुङ पोखराका एक नमुना पात्र हुनु भएको छ। पोखरा २० मा पर्ने आर्टीघर मौजामा गाउँको विकास गर्ने भन्दै उहाँले पूर्खाको जमिनमा पर्यटन व्यवसाय प्रबर्द्धन गर्ने भन्दै आँटीघर भिलेज जंगल रिसोर्ट संचालन गर्नु भएको हो। समुद्री सतह देखि करिब १ हजार ८ सय मिटरको उचाई रहेका उक्त रिसोर्टबाट अन्नपूर्ण, माछापुच्छ्रे हिमाल रेञ्ज ल्याण्डस्केलमा देख्न सकिने उहाँको भनाई छ। आफ्नो गाउँको कृषि पर्यटन प्रबर्द्धन गर्न आफ्नो रिसोर्ट कोषेढुंगा सावित हुने उहाँको भनाई थियो।





हाल पोखरा १६ बस्दै आउनु भएको संचालक गुरुङले आफ्नो पुर्ख्यौंली थलो मौजाको ३२ रोपनी जग्गामा ५ वटा भिल्ला सहितको आँटीघर भिलेज जंगल रिसोर्ट सञ्चालनमा ल्याउनु भएको हो। उक्त रिसोर्टमा ७ करोड लगानी भएको बताउदै उहाँले आफुहरुले स्थानिय उत्पादनको अन्न, फलफुल तथा तरकारीको बजारको सुनिश्चित गरेको दाबी गर्नु भयो। रिसोर्टले केबल आटिघरको मौलिक र अर्गानिक खानेकुरा प्रथामिकता दिने सञ्चालक गुरुङको भनाई छ। हङकङमा रहेर रात्रिकालीन व्यवसाय, जिम र रेष्टुरेन्टमा सफल भएपछि आफ्नै जन्मथलोमा व्यवसाय गर्न लागेको बताउदै उहाँले रिसोटबाट गाउँकै पर्यटन प्रबर्द्धनमा धेरै मद्धत पुग्ने जनाउनु भयो। ३ वर्षको मेहेनत लगाएर रिसोर्ट तयार पारेको बताउदै संचालक गुरुङले गाँउमा ६० घरधुरी रहेको उल्लेख गर्नु भयो। उक्त रिसोर्टमा अर्गानीक खाना पस्कने उहाँले जनाउनु भयो। तीन वेड सहित रहेको भिल्लामा एक रात बसेको ७ हजार रुपैयाँमा साथमा बिहानको खाजा उपलब्ध हुने रिसोर्टले जनाएको छ। रिसोर्ट पुगेपछि टेन्टमा बस्न चाहनेले टेन्टमा व्यबस्था हुने गुरुङले उल्लेख गर्नु भयो। टेन्टको प्रति रात १ हजार ५ सय रुपैयाँ रहेको छ। पोखरा बजारदेखि ११ किलोमिटर दूरीमा रहेको आटिघर मौजामा रहेको उक्त रिसोर्टमा पुग्न सकिन्छ। उक्त रिसोर्ट ढुंगाले छायिएको छ भने मलेसियन सालको काठहरु प्रयोग गरिएको छ।


आर्टीघर मौजा जाने सडकको पूर्वाधार निर्माणमा स्थानिय सरकारले भलाम र्‍याले चौरबाट तत्काल मर्मत गर्न आग्रह गर्नु भयो। म आफ्नो देशमा केही हुन्छ भनेर आएको छु, उहाँले भन्नु भयो "मलाई यहाँ राज्यले लगानी मैत्रि वातावरण बनाइदिनु पर्‍या, पोखरा बजार देखि आर्टीघर मौजा आउने बाटो धिमेगतिमा निर्माण हुदै छ, यसलाई छिटो सक्नु पर्‍यो।"










# रुसी सेनामा भर्ना भएका सात नेपालीको मृत्यु

**रासस**
काठमाडौं, १ चैत

रुसी सेनामा भर्ना भएका सात जना नेपाली नागरिकले ज्यान गुमाएका छन् । परराष्ट्र मन्त्रालयले आज एक विज्ञप्ति निकालेर उक्त जानकारी दिएको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार धादिङका पूर्णबहादुर गुरुङ, जाजरकोटका नवीन शाही, उदयपुरका पदमबहादुर घिमिरे, झापाका गङ्गाराम अधिकारी, बागलुङका जीतबहादुर विक, बाँकेका सञ्जय केसी र रसुवाका सुन्दर मोक्तानको मृत्यु भएको छ ।

उक्त मन्त्रालयले परम्परागत रुपमा भएको सम्झौताअन्तर्गत केही मित्र राष्ट्रहरुको राष्ट्रिय सेनामा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने सरकारको नीति नरहेको स्पष्ट गरेको छ । सरकारले गत पुस ४ गते सार्वजनिक सूचना जारी गरेर सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरेमा 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिएर मात्र यात्रा गर्ने प्रावधान मिलाइए सम्बद्ध सबैलाई पुनः स्मरण गराएको छ ।

"रुसी सेनामा भर्ना भएका नेपाली नागरिकलाई स्वदेश फिर्ता गर्न नेपाल सरकारले उच्च प्राथमिकताका साथ कूटनीतिक प्रयास जारी राखेको छ", विज्ञप्तिमा उल्लेख छ, "रुसी सेनामा ज्यान गुमाएका नेपालीका परिवारलाई रुसी सरकारबाट क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेको उपचार गर्न तथा त्यहाँ कार्यरत नेपालीलाई फिर्ता पठाउनका लागि रुसी सरकारलाई पुनःअनुरोध गरिएको छ ।" परराष्ट्र मन्त्रालयले दिवङ्गत नेपालीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ ।

# स्थानीयको चन्दाबाट मन्दिरमा तामाको छानो


**पोखरापत्र संवाददाता**
दमौली, १ चैत

हरेक काम गर्नका लागि सरकारी बजेटको मुख ताक्ने प्रचलन छ । गाउँघरमा बाटो, मन्दिर, विद्यालय भवन निर्माणलगायतमा सरकारी बजेट पार्न दौडधुप गर्ने प्रचलन कायमै छ ।

तर तनहुँको व्यास नगरपालिका-७ कोटथोकमा स्थानीयको चन्दा सङ्कलनबाट प्रसिद्ध क्यामिन कालिका मन्दिरमा तामाको छानो छाउने काम सम्पन्न भएको छ । क्यासमिरी पदमार्गमा पर्ने प्रसिद्ध धार्मिकस्थल क्यामिन कालिका मन्दिरमा तामाको छानो छाउने काम सकिएपछि चन्दा दातालाई सम्मान गरिएको छ ।

चन्दा सङ्कलन गरी उक्त मन्दिरमा तामाको छानो छाएर चन्दा दातालाई सम्मान गरिएको मन्दिर निर्माण अनुगमन समितिका अध्यक्ष शम्शेरबहादुर कुँवरले बताउनुभयो । उहाँका अनुसार क्यामिन घर भई देश तथा विदेशमा रहेका क्यामिनवासीसँग चन्दा सङ्कलन गरिएको थियो । मन्दिरमा तामाको छानो छाउन करिब रु २१ लाख चन्दा सङ्कलन भएको थियो ।

त्यसमध्ये रु २० लाख खर्च भएको कुँवरले जानकारी दिनुभयो । "मन्दिरलाई धार्मिकस्थल बनाउने उद्देश्यले चन्दा सङ्कलन अभियान चलाएका थियौँ, क्यामिन घर भई देशका विभिन्न ठाउँमा रहेका स्थानीयवासीले यसमा सहकार्य गर्नुभयो । हामीले सरकार ीस्तरको बजेटको मुख ताक्नुभन्दा स्थानीयवासीबाटै चन्दा सङ्कलन अभियान चलाएका हौँ", उहाँले भन्नुभयो ।



















# विश्वमा सडक महोत्सव र नेपाली पर्यटनको परिदृश्य



दीपेन्द्र पहारी

सडक उत्सवहरु, मानव इतिहासको शताब्दीयौंदेखि विश्वव्यापी रूपमा महत्वपूर्ण सांस्कृतिक सम्पदाको रूपमा देखा परेका छन् । पुरातन धार्मिक रीतिरिवाजदेखि आधुनिक समयको नवीनतासम्म, यी उत्सवहरू समुदायहरूको साझा पहिचान र सांस्कृतिक सम्पदाका प्रमाण हुन् ।

सडक उत्सवको विश्वव्यापी इतिहासलाई हेर्दा,सडक पर्वहरूले पुरातन रीतिरिवाजहरूबाट साम्प्रदायिक आनन्दको आधुनिक अभिव्यक्तिहरूमा विकसित हुँदै एउटा आकर्षक ऐतिहासिक यात्रा पार गरेको हामी पाउछौ । सडक उत्सवहरू जीवन्त उत्सवहरू हुन् जसले समुदायहरूलाई एक ठाउँमा ल्याउँछन् र संस्कृति, कला, संगीत र परम्पराहरूको विविधता प्रदर्शन गर्दछन् । रंगीन र्‍यालीदेखि जीवन्त प्रदर्शन सम्म, यी उत्सवहरूले एक अद्वितीय र जीवन्त वातावरण सिर्जना गर्दछन्। अब विश्वका ठूला सडक उत्सवहरूबारे चर्चा गरौं । प्रत्येकले छुट्टै सांस्कृतिक अनुभव प्रदान गर्दछन् ।

रियो कार्निवल, ब्राजिलः रियो कार्निभल असाधारण र ऊर्जाको प्रतीक हो । ब्राजिलको रियो दि जेनेरियोमा आयोजना हुने यो पर्वले हरेक वर्ष लाखौं मानिसलाई आकर्षित गर्छ । नौला पोशाक, जीवन्त नाच र संगीतमा सजिएका साम्बा नर्तकहरू अविरल रुपमा उत्सवका दिनहरूमा सडकमा आउँछन्। जहाँ प्रतिस्पर्धी साम्बाहरूले आफ्नो रचनात्मकता र सीप प्रदर्शन गर्छन् ।

नटिंग हिल कार्निवल, बेलायतः लन्डनको नटिङ हिल कार्निवल क्यारिबियन संस्कृतिको उत्सव र युरोपको सबैभन्दा ठूलो सडक उत्सवहरू मध्ये एक हो । रंगीन पोशाकहरू, स्टिल ड्रम ब्यान्डहरू, र क्यारिबियन खानाको मनमोहक सुगन्धले नटिंग हिलको सडकहरू भरिन्छन् । र्‍यालीमा जीवन्त नृत्य र जीवन्त वातावरणले सबैलाई उत्सवहरूमा सामेल हुन आमन्त्रित गर्दछ ।

ला टोमाटिना, स्पेनः स्पेनको एउटा सानो सहर बुनोलले ला टोमाटिनाको समयमा विश्वको सबैभन्दा ठूलो फूड फाइट आयोजना गर्छ । हजारौं सहभागीहरू सडकमा पाकेका टमाटर हरूले एकअर्कालाई हान्न भेला हुन्छन्। यो अनौठो उत्सव स्पेनी भावना र सौहार्दताको प्रमाण हो ।

होली, भारतः होली, रंगहरूको पर्व, वसन्तको आगमनको प्रतीक एक हिन्दू उत्सव हो। भारतभरका सडकहरू, एउटा क्यानभास बन्छन् जहाँ एकअर्कामा रंगीन पाउडर र पानी फ्याँक्छन् । जीवन्त रंग, असत्यमाथि सत्यको विजयको प्रतीक हो। होलीलाई सांस्कृतिक रूपमा महत्वपूर्ण मानिन्छ ।

मार्डी ग्रास, संयुक्त राज्य अमेरिकाः नयाँ अर्लिन्सको मार्डी ग्रास भव्य र्‍याली, जीवन्त सडक उत्सवहरूको पर्यायवाची हो। फ्रेन्च र क्रेओल परम्पराहरूले जरा गाडेको यो पर्व फ्याट ट्यूजडेमा समापन हुन्छ, जसमा जीवन्त ज्याज संगीत प्रस्तुत हुन्छ जुन फ्रान्सेली ऐतिहासिक सडकहरूमा प्रतिध्वनित हुन्छ ।



हार्बिन आइस फेस्टिवल, चीनः चीनको हार्बिनको चिसो सहरमा आइस फेस्टिभलले सडकलाई हिउँदमा परिणत गर्छ। बरफका मूर्तिकलाहरू, रंगीन बत्तीहरूको उज्यालो, ठूला बरफका घरहरू र आइस स्केटिङ जस्ता गतिविधिहरूमा पर्यटकहरु भाग लिन्छन् । सान फर्मिन, स्पेनःपाम्प्लोनाको सान फर्मिन पर्व साँढे दौडको लागि प्रसिद्ध छ । त्यो उत्सवमा परम्परागत संगीत, र धार्मिक र सांस्कृतिक गतिविधिहरूको एक अद्वितीय मिश्रण पनि समावेश हुन्छ । विश्वभरका बलिया सहभागीहरू र दर्शकहरू यस रमाईलो र खतरनाक परम्पराको लागि भेला हुन्छन् । कार्निभल डे क्युबेक, क्यानाडाः क्युबेकको मनमोहक सहरमा आयोजना हुने कार्निभल डे क्युबेक विश्वको सबैभन्दा ठूलो जाडो पर्व मध्ये एक हो । सडकहरू बरफ मूर्तिकला, र्‍याली र कन्सर्टहरूले जीवित हुन्छन् । त्यो उत्सवमा स्नोम्यान मस्कट बोनहोमले उत्सवको अध्यक्षता गर्दछ, र आगन्तुकहरूले आइस क्यानो दौड र प्रतिष्ठित रात्रि र्‍याली जस्ता गतिविधिहरूको आनन्द लिन सक्छन् । सोङक्रानले थाई, थाइल्याण्डः सोङक्रानले थाई नयाँ वर्षलाई पानी महोत्सवको रुपमा सडकहरूलाई ठूलो पानीको लडाइमा परिणत गर्दछन्। सहभागीहरूले खुशीसाथ एकअर्कामा पानी छर्कन्छन्, अघिल्लो वर्षको दुर्भाग्य मेटाउन । परम्परागत समारोह र जीवन्त उत्सवहरू थाइल्याण्डभरि नै हुन्छन् ।

यी सडक उत्सवहरूले आनन्द, परम्परा, र उत्सवको भावना मार्फत मानिसहरूलाई एकताबद्ध गर्दै सांस्कृतिक अनुभवहरू प्रदान गर्दछन् । चाहे यो रियोमा साम्बाको लयबद्ध बीट्स होस् वा स्पेनमा ला टोमाटिनाको रंगीन अराजकता, प्रत्येक चाडले दिगो सम्झनाहरु सिर्जना गर्दछन् र विश्वव्यापी सांस्कृतिक समृद्धको प्रदर्शन गर्दछन् । अब लागौ, नेपालतर्फ । हिमालले अँगालो मारेको देश नेपाल, लामो समयदेखि समृद्ध सांस्कृतिक अनुभवहरू खोज्ने यात्रुहरूका लागि प्रमुख गन्तव्य बनेको छ । पुराना व्यापारिक मार्गहरू हराए । विश्वको सर्वोच्च चुचुराहरूको छायाँमा गरिने ट्रेकिङ, नेपालको पर्यटन इतिहास जत्तिकैं विविध छ । नेपालको पर्यटनको विकास र सुन्दर शहर पोखरा, विश्वभरका सडक महोत्सवहरू र स्थानीय पर्यटनमा यी उत्सवहरूको प्रभावको विश्लेषण गरौं ।

नेपालको पर्यटन यात्रा, यसको प्राचीन इतिहास र सांस्कृतिक सम्पदाले गहिरो जरा गाडेको छ । सिल्क रोड, जसले एशियालाई भूमध्यसागरसँग जोडेको थियो, व्यापार र सांस्कृतिक आदानप्रदानको लागि एक नाली थियो, जसले यात्रु र व्यापारीहरूलाई हिमालको मुटुमा ल्याउँथ्यो । यद्यपि, सन् १९५३ मा सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गेले सगरमाथाको ऐतिहासिक आरोहण गरेका थिए। जसले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालमा आधुनिक पर्यटनको शुरुवात भएको थियो। त्यसबेलादेखि, नेपाल एक बहुआयामिक गन्तव्यको रूपमा विकसित भएको छ, यसको विविध परिदृश्य, सांस्कृतिक समृद्धि र न्यानो आतिथ्यताले पर्यटकहरूलाई आकर्षित गर्दछ। काठमाडौंका ऐतिहासिक सडक, पोखराका शान्त तालहरू, अन्नपूर्ण र सगरमाथा क्षेत्रका चुनौतीपूर्ण पदमार्गहरू नेपालको पर्यटन कथाका अभिन्न अध्याय बनेका छन् ।

अन्नपूर्ण शृखलाको काखमा बसेको पोखरा नेपाली पर्यटनको गहनाको रूपमा उभिएको छ । "तालहरूको शहर" भनेर चिनीएको पोखराले यात्रुहरूलाई मनमोहक परिदृश्य, साहसिक अवसरहरू र सांस्कृतिक आकर्षणहरूले आकर्षित गर्दछ । शान्त फेवा ताल र प्रतिबिम्बित बेगनास ताल अनि वरपरका पहाडहरूले पर्यटकहरूको लागि रमणीय वातावरण सिर्जना गर्दछन्। अन्नपूर्ण र मुस्ताङ क्षेत्रहरूको प्रवेशद्वारको रूपमा पोखराले ट्रेकिङ, प्याराग्लाइडिङ र साहसिक खेलहरूका साथ रोमाञ्चकहरूलाई आकर्षित गर्दछ । यो सहरले विन्ध्यवासिनी मन्दिर र पुरानो बजार जस्ता ऐतिहासिक स्थलहरू, जसले नेपालको समृद्ध सांस्कृतिक सम्पदाको झलक प्रदान गर्दछ ।

रेष्टुरेण्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराले आयोजना गर्ने पोखरा सडक महोत्सवले यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने अनुपम अवसर

बाँकी अर्को पृष्ठमा ▶▶


## पोखरा महानगरपालिका ५ नं. वडा कार्यालयको सार्वजनिक सूचना तथा अपिल !

- सडक मापदण्डभित्र व्यापारिक सामाग्री राख्न वा बेचविखन गर्न पाइने छैन ।
- अनुमति बिना घर टहरा बनाउन मनाही छ । फिर्के खोला, सार्वजनिक जग्गा मिच्ने, सडक मापदण्ड मिच्ने कार्य नगरौं।
- बाटोको दायाँबायाँ सडक चौतारीहरूमा व्यापारका सामाग्री नराखौं ।
- फोहोरको थुप्रो, फोहोर राखेका सामाग्री, खुला स्थल चौतारी विद्युतका पोल सडक छेउ नथुपारौं ।
- सडक मापदण्डभित्र व्यापारिक प्रयोजनमा प्रचार सामाग्री, साइनबोर्ड, फ्लेक्स प्रिन्ट, विज्ञापनका होर्डिङ बोर्डहरू राख्न मनाही छ ।
- सडक बाटोमा जथाभावी फोहोर तथा प्रदुषित पानी नफालौं ।
- प्रत्येक घर अगाडि रुख रोपौं, हरियाली प्रवर्द्धन गरौं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं ।
- विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालय भर्ना गर्न सहयोग गरौं ।

विष्णुप्रसाद बराल (अध्यक्ष)

**पोखरा महानगरपालिका वडा नं. ५ को कार्यालय**
गण्डकी प्रदेश, कास्की

## हार्दिक शुभकामना

राष्ट्रिय दैनिक
**पोखरापत्र**

२५ औं

पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पवन प्रजापति
अध्यक्ष
**पोखरा उद्योग वाणिज्य संघ**
पोखरा, कास्की, फोन : ०६१-५३६९५१

## सम्पूर्ण वडावासीहरूमा अनुरोध

यस वडा नं. ३ लाई सफा वडाको रूपमा पहिचान गराउनको लागि वडाबासीहरूको ठुलो भूमिका रहने हुँदा सफा वडा अभियानका लागि निम्न बमोजिमका क्रियाकलापहरूमा सहयोग गरी साथ दिनुहुन अनुरोध गरिन्छ ।

- सार्वजनिक स्थानमा फोहरमैला नफालौं ।
- घरभित्रबाट निस्कने फोहरमैलाको वर्गीकरण गरी कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै राखी व्यवस्थापन गरौं ।
- सांस्कृतिक सम्पदा, मठ मन्दिरको संरक्षण गरौं ।
- स्वच्छ वातावरणको लागि बोट बिरुवा रौपौं र चौतारीको संरक्षण गरौं ।
- कुकुर धनीहरूले आफ्नो कुकुरलाई बाहिर नछाडौं र कुकरलाई घर बाहिर डुलाउँदा कुकुरले गर्ने शौच व्यवस्थापन आफै गरौं साथै जथाभावी बाटोमा शौच गराएको भेटिएमा कानुन बमोजिम कारवाही गरिनेछ।
- असहाय तथा सडक मानव भेटिएमा वडा कार्यालयसँग समन्वय गरी मानव सेवा आश्रममा व्यवस्था मिलाउन सहयोग गरौं ।
- घरघरमा विभिन्न बहानामा आउने अपरिचित व्यक्तिहरूबाट दुरुत्साहित गरी आफू पनि बचौं अरुलाई पनि बचाऔं ।
- घरबाट निस्कने कुहिने फोहरको मल बनाई कौशी खेतीलाई प्रोत्साहन गरी विषादी रहित तरकारीको प्रयोग गरौं ।

प्रकाशमान उदास
अध्यक्ष
**पोखरा महानगरपालिका वडा नं ३ को कार्यालय**
पोखरा-३, कास्की

## योजना सम्झौता गर्न आउँदा आवश्यक पर्ने कागजातहरु

१. उपभोक्ताहरुको आम भेलाको उपस्थितिको फोटोकपी ।
२. निर्माण समिति गठन गरेको माईन्युटको फोटोकपी ।
३. समितिको नाम भएको छाप ।
४. जनसहभागिता रकम समितिको खातामा जम्मा गरेको सक्कल भौचर ।
५. समितिमा रहेका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपी ।
६. योजना इष्टिमेट कागज ।
७. समितिले योजना सम्झौता गरि पाउँ भन्ने निवेदन ।

राममोहन आचार्य
अध्यक्ष
**पोखरा महानगरपालिका वडा नं. ७ को कार्यालय**
पोखरा-७, कास्की

# बाबुको साख जोगाउन तीन केसी दाजुभाइ विभिन्न कम्पनीमा एक साथ जुट्दै

दीननाथ बराल

कुनै पनि व्यक्ति वा संस्थाले बनाएको पहिचान र उसले प्राप्त गरेको इज्जत मान सम्मान सायद त्यसलाई समय सापेक्ष टिकाई राख्न वा त्यसको साख बचाउन निकै चुनौती हुने गर्दछ । नेपाल जस्तो मुलुकमा कुनै उद्योग तथा व्यवसायीले बनाएको साख बचाउने कुरा चानेचुने कुरा होइन नेपालको राजनीतिक अबस्था यहाँ राज्य व्यवसाय प्रति हेर्ने दृष्टिकोण र नीतिगत व्यबस्थाले धेरै व्यवसायी तथा उद्योगीहरु वाक्क दिक्क भएका छन्।

नेपालको अस्थीर राजनीति त्यस माथि समय समयमा हुने विभिन्न घटना क्रममले नेपालको विकासमा बाधा पुगेको छ । कोभिड १९ पछि नेपालका धेरै उद्योगी व्यवसायीहरुलाई समेत यसले प्रत्यक्ष रुपमा प्रभाव पार्‍यो यद्यपी आफ्नो अग्रज पुस्ताले बनाएको बाटोमा हिड्न नजान्नेहरु सायद व्यवसायबाट पलायन भएको वा अर्को पेशा व्यवसायमा लागेका छन्। देशको विसम परिस्थितीमा पनि पोखराका तीन केसी दाजु भाई एक ढिक्का भयर आफ्ना बाबु स्व.सुर्य बहादुर केसीका अधुरा सपना र उनले जन्माएका वा फैलाएका उद्योग तथा व्यवसायलाई हाक्ने आटका साथ लागेका छन्। पोखराको घरना केसी ग्रुपका प्रकाश(४५), किरण(४३) र रोशन केसी(४१) तीन दाजु भाई आफ्नो योग्यता र क्षमता तथा रुचिका आधारमा आ–आफ्नो काम बाडफाँड गरी अघि बढेका छन्।

कुटानी र काठ मिलबाट सुरु भएको केसी ग्रुपको व्यवसायीक यात्रा कस्ट्रक्सन, दक्षिण एसियाकै पहिलो उत्पादन रारा तयारी चाउचाउ उद्योग संचालन, बैंकिङ, अपार्टमेन्ट हाउजिङ हुदै आज ७ वटा जलबिद्युत आयोजना सहितका अन्य उद्योग व्यवसाय संचालन भएका छन्। हजुर बाबा स्व.कृर्तिबहादुर केसीले मित्र राष्ट्र भारतको कोलकोत्तामा व्यापार गर्दै आउने क्रममा हिन्दु र मुस्लिम बिचको धार्मिक युद्धमा झडक हुने अबस्था आएसंगै उनी नेपालमै कस्ट्रक्सनमा केन्द्रित भई काम प्रारम्भ गरे । यसरी हेर्दा उनले सुरु गरे देखि हाल केसी ग्रुपले पोखरामा कस्ट्रक्सन क्षेत्रमा करिब २ सय बर्ष पुरानो इतिहास रचेको छ। पोखराको फेवातालको बाध, नेपाल आर्मीको हेड क्वाटरको भवन, पोखरा विमानस्थल, जोमसोम पोखरा सडकको ठेक्का देखि खानेपानी, सिंचाई कुल लगायतका क्षेत्रमा केसी ग्रुपले आफ्नो कार्यप्रगती देखाई सकेको छ । तत्कालिन अबस्थामा प्रायः अधिकांश काम मानव संसोधनले गर्नुपर्ने अबस्थामा पोखरा क्षेत्रमा पहिलो पटक गाडा भित्रायर यस ग्रुपले कस्ट्रक्सन क्षेत्रमा नयाँ इटा थप्ने कामको सुरुवात गर्‍यो ।

केसी ग्रुपका पहिलो पुस्ता कृर्तिबहादुरले भारतमा करिब १२ बर्ष



विताएसंगै नेपालमा फर्कायिर पोखरा क्षेत्रमा केन्द्रित भई काठमिल, राइस मिल संचालन सहित ठेक्का पट्टा (कस्ट्रक्सन क्षेत्रमा) मा व्यवसायीक यात्रा प्रारम्भ भएसंगै उनका ७ छोरा मध्य जेठा छोरा हुन स्व.सुर्य बहादुर केसी। जसले आफ्ना बाबुको पेशा र उनको व्यवसायीक यात्रालाई निरन्तरता दिदै नयाँ व्यवसाय समेत सुरु गरे । व्यवसायसंगै राजनितीमा चासो दिएका सुर्य बहादुर केसी २६ बर्षकै उमेरमा पोखराको मेयर बने ।

नेपाली युवा शक्तिलाई छानि छानि विदेशमा लाहुरेको रुपैमा लैजाने प्रचलन धेरै बर्ष देखि चलि आएको प्रचलन थियो त्यसै क्रममा केही लाहुरेहरुले नेपाल आउदा चाउचाउ ल्याएको देखेर सुर्य बहादुर केसी सहितको पोखराका उद्योगी व्यवसायीहरु मिलेर चाउचाउ उद्योग पोखरामा स्थापना गरे । आज भन्दा करिब ४३ बर्ष अघि केसीको नेतृत्वमा पोखराका उद्योगी व्यवसायी पूर्व मन्त्री हरि पाण्डे, शुसिल गोशेली सहितका ५० जना व्यवसायीहरुले जापानीज मेसिन भित्राउदै आहा रारा चाउचाउ उत्पादन गर्न सुरु गरेका थिए ।

भारतको म्यागी चाउचाउ उद्योग, नेपालमै धनाड्य विनोद चौधरीसम्मका व्यवसायले आहा रारा चाउचाउ कम्पनी खरिद गर्न खोजेका थिए । रारा चाउचाउ नेपालको मात्र नभई दक्षिण एसियाकै पहिलो चाउचाउ हो । अन्तराष्ट्रिय खाद्य पुरस्कार समेत प्राप्त गर्न सफल रारा चाउचाउको करिब डेढ बर्ष अघि नेपालगन्जमा समेत यसको उद्योग संचालन गरिएको छ। हिमश्री फुड्स प्रा.लि.को उत्पादन रारा (पहिलाको आहा रारा) चाउचाउले हाल नेपालको हिमाल देखि तराई हुदै विकट क्षेत्रमा समेत यसको आफ्नो पहुच विस्तार गरेको छ । सस्तो र सहुलियत दरमा खाजाको रुपमा प्रयोग हुदै आएको रारा बार्षिक रुपमा करिब २१ लाख काटुन उत्पादन हुदै आएको छ। एसियाली मुलुक देखि अमेरीका, अष्ट्रेलिया, वेलायत हुदै यूरोपसम्म रारा चाउचाउ पुग्ने गरेको छ। कुनै समयमा उक्त चाउचाउको बजार नपाउदा गाउँ गाउँमा कचौरा उपहार दिदै चाउचाउ कटौरामा खुवाउदै हिडेको केसी छोराहरुको मानस पटलमा अझै ताजा छ।

स्वास्थ्यका दृष्टिले पनि रुचाइएको रारा चाउचाउ चिकित्सक देखि बिरामीहरुले समेत खाजा खानाको रुपमा प्रयोग गर्न थालेकोमा हिमश्री फुड्सका कार्यकारी निर्देशक प्रकाश केसी सहितका अन्य केसी परिवार यसको गुणस्तर र यसको क्षेत्र विस्तारमा कटिवद्ध भयर लागेको छ। कोभिड पछि अन्य उद्योग धन्दा चल्न कठिन भएको अबस्थामा रारा चाउचाउको माग बढेसंगै करिब २० प्रतिशत उत्पादन बढेको कम्पनीले जनाएको छ । यस चाउचाउले नेपाललाई समेत चिनाउने काम गरेकोमा यस चाउचाउसंगै कम्पनीले चिजवल्स लगायतका अन्य उत्पादन र रिसर्च गर्दै यस चाउचाउको गुणस्तरलाई बिषेश ख्याल गर्ने भएको छ। नेपाली पनको स्वाद हुनुले रारा चाउचाउको माग नेपाली पुगेका विश्वका धेरै मुलुकमा भएको पाइन्छ। २०३९ साल माघ २३ मा उत्पादन सुरु भएको रारा चाउचाउले नेपाल औद्योगिक विकास निगमबाट ३५ लाख रुपैयाँ ऋण लिएरको थियो । १५ लाख रुपैयाँ केसी सहितको समूहले संकलन गर्‍यो भने ३० जनाको सेयर रहेकोमा शेयर सदस्यहरुले छाड्दा छाड्दै २०५८ सालसम्मबाट केसी ग्रुपको एकल व्यवसायको रुपमा रह्यो। ४३ बर्ष अघि करिब ५० लाख रुपैयाँबाट सुरु भएको चाउचाउ उद्योगमा अहिले एक अर्ब रुपैयाँभन्दा बढी लगानी भएको छ । सुर्य बहादुरले चाउचाउ उद्योगलाई मात्र स्थापित गरेनन् निर्माण व्यवसाय, हाउजिङ्ग क्षेत्र, शिक्षा, बैंक, हस्पिटालिटी र जलविद्युत क्षेत्रलाई पनि स्थापित गराए।

२६ वर्षमा नगरपञ्चायतको प्रधानपञ्च बनेका सुर्य बहादुर राप्रपाकै तर्फबाट २०६४ सालमा समानुपातिक कोटाबाट संविधानसभा सदस्य बनेका थिए भने पछिल्लोपटक उनी २०७३ सालमा राप्रपा छाडे पनि कांग्रेस प्रवेश गरेर समानुपातिक सांसद भएका थिए। आहारारा चाउचाउले विगत दुई दशक भन्दा लामो समय देखि पोखराको सहारा क्लवले आयोजना गर्दै आएको आहा रारा गोल्ड कप फुटवल प्रतियोगितालाई प्रमुख प्रायोजकको रुपमा समेत सहयोग गर्दै आएको छ । आफ्नो व्यवसायीक यात्रासंगै सामाजिक क्षेत्रमा उत्तिकै चासो र चिन्तन मनन गर्दै सहयोग गर्दै अघि बढेका सुर्य बहादुरले पोखराको पावर हाउसबाट बिद्युत निकालेको देखे पछि पोखरा क्षेत्रमा जलबिद्युतबाट पनि केही गर्नु पर्छ भनेर जलबिद्युतमा लगानी गरे। विकासको उल्टो चक्रबाट सुरु भएको पोखरामा पहिला हवाई मार्गबाट यहाँको यातायात संचालन भएको हो। पोखराबाट हिमश्रृखला देखिने गरी पोखराका सडकहरु न्यूरोड, नयाँबजार, पर्स्याङ लगायतका उत्तर दक्षिण फर्किएका सडकहरु तत्कालिन अञ्चलाधीश शंकरराज पाठककै योजना थियो । पोखरा औद्योगिक क्षेत्र, चीनले बनाइदिएको पृथ्वी राजमार्गमार्फत् २०३१ मा राजधानी काठमाण्डौ जोडिएपछि पोखरामा बल्ल उद्योग, धन्दा र व्यवसायीक क्षेत्रमा अघि बढेको पाइन्छ । तत्कालिन अबस्थामा पोखराका घरहरु साँढे दुई तले बनाउने अवधारणाको विकास र विस्तार भएको थियो जुन अबस्थामा एकै प्रकारका घरहरु हुदा प्रायः कुनै घरले हिमाल र घाम नछेकिने अबस्था थियो।

कृर्ति बहादुरले कृर्ति राख्ने गरी काम गरे त्यसै गरी दोश्रो पुस्ता सूर्य बहादुरले आफुलाई सधै पोखरा क्षेत्र र नेपालले सम्झने गरी २०७७ कात्तिक १८ गते यस संसारबाट बिदा भए तर पनि अब उनले सुरु गरेका परियोजनाहरु भावी पुस्ताका ३ भाई छोराहरुले कसरी संचालन गर्लान सबै आम पोखरेली सहित नेपालीहरुले चासो प र्वक हेर्दै आएका छन्। आफ्ना बाबुका अधुरा सपना पूरा गरी उनले सुरु वा संचालन गरेका कुनै पनि परियोजनाहरुको साख नगिर्ने गरी तीन भाई एक ढिक्का भयर लागेका छन्। नेपालमा जलबिद्युतको अथाह सम्भावना भएको कुरा सुर्य बहादुरलाई राम्रोसंग ज्ञान भयर आफ्ना तीन भाई छोराहरुलाई आफुहरुको अबको व्यवसायीक

बाँकी अर्को पृष्ठमा ▶▶

## टप्स बोर्डिङ स्कुलको वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

पोखरा-१०, रामघाटमा रहेको टप्स इंग्लिस बोर्डिङ स्कुलको ३१ औं वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रम गरी मनाइएको छ। विद्यालयका संस्थापक/प्रिन्सिपल रत्नमान गुरुङको अध्यक्षतामा पोखरा सभागृहमा विहिबार विविध कार्यक्रमका बिच बिद्यालयको बार्षिकोत्सव मनाइएको हो।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक अम्बिका प्रसाद आचार्यले कार्यक्रमको उद्घाटन गर्दै अबको शिक्षा व्यवहारिक र सिपमुलक हुनु पर्नेमा जोड दिनु भयो । बिद्यालयले शैक्षिक विकासको साथमा अतिरिक्त कृयाकलापलाई समेत प्रथामिकता दिएकोमा उहाँले प्रशंसा गर्नु भयो । प्याब्सनका कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेल, अभिभावक तथा तमु धिं नेपाल केन्द्रिय आमा समितिका अध्यक्ष पवित्रा गुरुङ, सहायक प्रिन्सिपल चित्रकुमार गुरुङ, संस्थापक सदस्य पुरस्कार गुरुङ लगायतले शिक्षाको बारेमा चर्चा गर्नु भएको थियो । उक्त अवसरमा एसईई तर्फ गत बर्ष उत्कृष्ट अंक ल्याउने सृजना क्षत्री र प्लस टु तर्फ उत्कृष्ट अंक ल्याउने श्रेया के.सी.लाई जनही १० हजार सहित सम्मान पत्रले सम्मान गरिएको थियो । उक्त अवसरमा दीर्घ सेवाबाट निमावि तहकी नेपाली शिक्षक हेमा थापालाई सम्मान गरिएको बिद्यालयले जनाएको छ। कार्यक्रममा विविध सांस्कृतिक कार्यत्रम समेत आयोजना गरिएको थियो । २०५० सालमा पोखराको रामघाटबाट सुरु भएको विद्यालयमा हाल कक्षा १२ सम्म अध्यापन हुँदै आएको छ।


हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।
२५ औं

सुनिता कुँवर के.सी.
प्रिन्सिपल
तथा
अन्जुली बोर्डिङ स्कुल
पोखरा-१, पुरानो टुँडिखेल, फोन नं.: ०६१-५२७५५८



वडावासीहरुमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौं ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौं ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौं ।
- चौपायाहरुलाई छाडा नछोडौं ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौं।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौं ।

सन्तोष बास्तोला
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. १२ को कार्यालय
पोखरा-१२, कास्की



योजना सम्झौता गर्न आउँदा आवश्यक पर्ने कागजातहरु

१. उपभोक्ताहरुको आम भेलाको उपस्थितिको फोटोकपी ।
२. निर्माण समिति गठन गरेको माईन्युटको फोटोकपी ।
३. समितिको नाम भएको छाप ।
४. जनसहभागिता रकम समितिको खातामा जम्मा गरेको सक्कल भौचर ।
५. समितिमा रहेका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपी ।
६. योजना इष्टिमेट कागज ।
७. समितिले योजना सम्झौता गरि पाउँ भन्ने निवेदन ।

दिपेन्द्र मर्सानी
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. ९ को कार्यालय
पोखरा-९, कास्की



हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।
२५ औं

थापा स्टोर्स
महेन्द्रपुल, पोखरा, फोन नं.: ०६१-५७०१२६

# हुम्लाको सिप पोखराबाट विदेशसम्म

## ४८ बर्षसम्म पनि एउटै व्यवसाय हाकेकी ६९ बर्षीया खड्काको अहिले पनि उस्तै जोस

डिएनबी

२० बर्षको उमेरमै उद्यमशिल व्यवसाय सुरु गरेकी पोखराकी एक महिला हाल धेरै जनाको प्रेरणाको श्रोत भएकीछन् । विकट जिल्ला हुम्लाको साविक मुचु गाविसमा जन्मेकी ६९ बर्षीया रामकली खड्का आफ्नो जीवनको महत्वपूर्ण समय पोखरामा विताउँदै पोखरेलीहरुलाई ठुलो गुन लगाएकी छन् ।

पोखरामा २०३२ साल देखि हस्तकलाको उद्यमशिलताको व्यवसाय सुरु गरेकी खड्काको सिप हाल नेपालका अधिकांश जिल्लासम्म मात्र पुगेको छैन यो हाल विदेशसम्म फैलिएको छ । उनले उत्पादन गरेका बस्तुहरु विश्वका २० भन्दा बढी मुलुकसम्म पुगेका छन् । हुने विरुवाको चिल्लो पात नहुने बिरुवाको खस्रो पात भने झैं सानै उमेर देखि भिन्न स्वभाव भएकी समाजमा केही गर्नु पर्छ भन्ने हुटहुटीले उद्यमशिलतामा हात हालेकी खड्का नेपालमा मात्र होइन विश्वका धेरै मुलुकसम्म आफ्नो छुटै पहिचान बनाउन सफल भएकी छन्।

उमेरकै कुरा गर्ने हो भने सायद यो उमेरका धेरै महिला जेष्ठ नागरिकहरुले आफ्नो घरमा आफन्तको स्याहार सुसारमा नाती नातिना खेलाएर बसेको देखिन्छ तर खड्कालाई कसरी हुन्छ आफ्नो व्यवसाय अझ राम्रो गर्ने, स्वदेश तथा विदेशमा रहेकाहरुलाई आफुहरुले उत्पादन गरेका समानहरु पुऱ्याउने । कल्कलाउदो उँमेरमा पोखरा आएकी खड्काको अहिले भने कपालै फुली सक्यो, राता गाला पनि च्याउरी पर्न थाल्यो तर उनी भित्रको आफ्नो व्यवसाय प्रतिको इमान्दार र लगाव भने एक रति पनि घटेको छैन ।

२०१२ सालमा बुवा कुङ्गा लामा र आमा नाचुकी लामाको कोखबाट जन्मेकी उनी हुम्ला हुर्केर राजधानी काठमाडौंमा सीप सिकी पोखरामा ४८ बर्ष देखि निरन्तर एउटै व्यावसायमा आफु टिक्दै सायौं जना महिलाहरुलाई रोजगार समेत दिएकी छन्। छनोट परीक्षामा सफल भएकी उनलाई २०२९ सालमा काठमाडौंको जावलाखेलस्थित महिला स्वयंसेविकामा तालिम लिने अवसर जुट्यो ।

१८ महिने होम साइन्स अन्तर्गत विभिन्न प्रकारका तालिमबाट आफुलाई उद्यमशिलतामा तिख्खर्ता ल्याएकी उनले तालिम पछि काठमाडौंमै रहेर अन्य महिलालाई सीप सिकाउन सुरु गरिन् । २०३२ सालमा लोक सेवा आयोगको परीक्षामा नाम निस्केसंगै खरिदार सरहको महिला कर्मचारीको रुपमा उनी तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गत पोखरामा महिला तालिम केन्द्रमा 'पोस्टिङ' भइन् । २१ वर्षसम्म निजामती सेवाकै सिलसिलामा महिलालाई आत्मनिर्भर बनाउने बाटोमा होमिएकी खड्काले पोखरा आएर हालसम्म करिब २५ हजार भन्दा बढी महिला सशक्तीकरण, स्वास्थ्य, प्रौढ शिक्षा, कानूनी परामर्श, सिलाइबुनाइ तालिम प्रदान गरिसकेकी छन् । सिकाएका अधिकांश महिला दिदीबहिनीमध्ये केहीले महिला सिप विकासमा रोजगार प्राप्त गरेका छन् भने केही स्वरोजगार त केही व्यवसायिक रुपमा राम्रो गरेका छन्। जागिरको शिलशिलामै अन्तरजातिय विबाह गरेकी खड्का काठमाण्डौं निवासी श्यामसुन्दर खड्कासंग १८ बर्षमै बैबाहिक जीवनमा प्रबेश गरेकी थिइन् । आफ्नो जागिरको शिलशिलामा घर गाँउमा दुःख पिडा पाएका महिला दिदी बहिनीहरुको लागि केही गर्न सकिन्छ की भन्दै उनले जागिरसंगै आफ्नो व्यवसायलाई अघि बढाएकी हुन्। उनले चलन चल्तीको तलव दिए पछि रोजगारको लागि महिलाहरुको भिड नै लाग्ने गर्थ्यो । यद्यपी उनको प्राथमिकतामा पारिवारिक रुपमा दुःख कष्ट भोगेका, एकल महिला, अपाङ्गता भएका, शिक्षाबाट प्रायः बन्चित भएका, गरीब तथा आर्थिक अवस्था न्यून रहेका, बाबु आमा गुमाएका महिला पर्दथे । महिला सीप विकास संस्थाको संस्थापक भई उक्त संस्था अघि बढाउने क्रममा रामकलीको परिचय पनि फराकिलो बन्दै गएको छ । हाल उनी नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेश महिला विकास समितिको संयोजक(सभापति), कास्की पोखरा हस्तकला संघको अध्यक्षको कार्यभार सम्हालेकी छन् । कोभिड १९ महामारीले धेरै क्षेत्रका व्यवसाय बन्द भएको अबस्थामा उनले हाँकेको व्यवसाय भने निरन्तर चलेको छ । यद्यपी हस्तकलाका सामानहरुको माग कम हुँदै आएकोले ६ सयको हाराहारीमा रहेका महिला रोजगार हाल भने ५० प्रतिशतमा खुम्चिन पुगेका छन् । हुम्लाको खासरपानीमा विद्यालयको अध्ययन सकेपछि उच्च शिक्षाको लागि रामकली सदरमुकाम सिमिकोट झरिन् । पोखरा आएकै वर्ष रामकलीले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर पोखराको दीपमा सबैको सक्रियतामा महिला प्रशिक्षण केन्द्र सञ्चालन गरिन् । गाउँघरमा महिलाको दयनीय अवस्था देखें पछि उनको मन फराकिलो हुन थाल्यो । महिला सशक्तीकरणको लागि सीप महत्वपूर्ण रहेछ भन्ने उनलाई लाग्यो । करीब १२ हजार रुपैयाँबाट शुरू गरेको संस्थाको पुँजी हाल करोडौं पुगेको छ । तत्कालिन अबस्थामा ३ जना महिलाहरुलाई उनले रोजगार दियर उक्त संस्था अघि बढाएकी हुन् । लाखौं आम्दानी गर्न सक्ने गरी महिलाले सीप आर्जन गरेका छन् । यसै अन्तर्गतको पोखरा महिला सीप विकास प्रालिले वार्षिक करिब करोड बढीको कारोबार गर्छ । उनको संस्थामा हाल पनि ३ सय जना भन्दा बढीले रोजगार प्राप्त गरेका छन् । महिला उद्यमशील र व्यावसायिक यात्राबाट आत्मनिर्भर हुँदै अघि बढेका नेपालमा थारै महिला होलान हुन त यस्यो व्यवसाय गर्ने महिलाहरुको इतिहासमै कमी छ । नेपाली परम्परागरुपमा हेर्ने हो भने महिलालाई घरायसी कामकाजमा लगाउने, श्रमको मूल्य नदिने र परनिर्भरतामै सीमित राख्ने गरेको पाइन्छ तर महिलालाई उद्यमशील बनाउँदै अघि बढेकी रामकलीले महिलाको व्यक्तित्व विकाससँगै सीपमूलक तालिम दिने अभियानमा गाउँगाउँ जाने र प्रशिक्षण तथा सिप सिकाउन कहिलै कन्जुसाई गरिनन् । महिलाहरुलाई प्रशिक्षण दिदै आएकी खड्काले बहुदल आएसंगै २०४६ साल पछि रोजगार कार्यक्रम सुरु गरेकी हुन् । संस्थाले उत्पादन गरेको सामान ६० प्रतिशतजसो युरोप र एसियाली राष्ट्रमा जाने गरेको थियो भने कोभिड पछि त्यसको माग घट्न थालेको छ । उनले उत्पादन गरेका बस्तुहरु भने करिब ३० प्रतिशत पोखरा क्षेत्रमै खपत हुने गरेको छ भने १० प्रतिशत अन्य जिल्लासम्म जाने गरेको छ ।

पोखरा दीप हुँदै सिर्जनाचोकमा सञ्चालित महिला प्रशिक्षण केन्द्र २०७२ सालको विनाशकारी भूकम्पपछि त्यहाँबाट संस्था आलुमाईलाचोक क्षेत्रमा ३ रोपनी जग्गामा अघि बढ्न थाल्यो । भूकम्पकै कारण एक करोडको ऋणी भएको संस्थाकै पहलमा स्थापित महिला सीप विकास बचत तथा ऋण सहकारी संस्थाबाट सो संस्थालाई ऋण उपलब्ध गराएसँगै संस्थाले पुनर्जीवन पायो । पछिल्लो समयमा उक्त संस्थालाई पोखरा महानगपालिका सहित सरकारी निकायबाट समेत साथ र सहयोग हुन थालेको छ ।

हस्तकलाका सामानहरुको बजार खोज्न विदेशमै निर्भर हुनु पर्ने भएकोले कोभिड पछि यसको बजार अझ समस्यामा रहेको उनले सुनाइन । सरकारी स्तरबाट समेत स्वदेशमा उत्पादन भएका बस्तु तथा सेवाको प्रयोग गर्ने गराउने नीति ल्याउनु पर्ने उनको सुझाव छ । यसो गर्दा स्वदेशमा उत्पादन हुने बस्तु तथा सेवा दिगो रुपमा यही टिक्न सक्ने अन्यथा बिस्थापित हुने ठुलो संकट आउन सक्ने जसले गर्दा रोजगारको लागि यही केही गरेका व्यक्ति बाध्य भयर विदेशीने अर्को सम्भावना रहेको खड्काको बुझाई छ । अध्ययन र नयाँ ज्ञान सिप लिन विदेश जानु स्वभाविक भए पनि पछिल्लो समयमा बच्चाका आमाहरु समेत दुधे बच्चालाई स्वदेशमा छाडेर विदेशीन बाध्य हुन थालेको उनीले बताउछिन् । यस्तो अबस्था बढ्दै गएमा धेरैको परिवारमै ठुलो समस्या आउन सक्ने खतरा रहेको खड्काले दाबी गरिन् । आफ्ना ग्राहकहरुलाई भगवानको रुपमा मान्दै आएकी खड्काले पछिल्लो समयमा गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरुमा समेत आफुहरुले उत्पादन गरेका सामानहरु प्रयोग हुन थालेकोमा खुसि व्यक्त गर्दै स्वदेशी उत्पादनलाई प्रोत्साहन सहित प्रयोग गर्न आग्रह गरिन् । सायद अधिकांश उद्योगमा माल सामानहरु स्टक राख्ने गरी काम हुने गरेको पाइन्छ तर उहाँको संस्थाले भने अडर अनुसारका हस्तकलाका सामानहरु उत्पादन गर्ने गरेको छ । करिब एक हजार प्रकारका हस्तकलाका सामानहरु उत्पादन गर्ने गरेको खड्काको दाबी छ । तान बुनाइबाट झोला, पर्स, कोठाको सजावटका लागि चाहिने सामान, बच्चाको गुडिया, उपहार सामग्री, क्रिसमसमा प्रयोग हुने सामानहरु, भान्छामा आवश्यक सामग्री लगायत उत्पादन हुने गर्छन् । हस्ताकलाका सामान नै संस्थाको मुख्यस्रोत हो । रंग, अल्लो, कटन, कपास, काठको



बाँकी अर्को पृष्ठमा ▶▶


## वडावासीहरुमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौँ ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौँ ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौँ ।
- चौपायाहरुलाई छाडा नछोडौँ ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौँ ।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौँ ।

किरण बराल
अध्यक्ष
पोखरा महानगरपालिका
वडा नं. १३ को कार्यालय
पोखरा–१३, कास्की

## हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औँ वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

श्रीनगर स्टोर्स
पोखरा–८, जाल्पारोड
फोन नं.: ०६१–५२११७२, ९८५६०२२९९७

## वडावासीहरूमा अनुरोध

यस वडा नं. ८ लाई सफा वडाको रूपमा पहिचान गराउनको लागि वडाबासीहरूको ठुलो भूमिका रहने हुँदा सफा वडा अभियानका लागि निम्न बमोजिमका क्रियाकलापहरूमा सहयोग गरी साथ दिनुहुन अनुरोध गरिन्छ ।

- सार्वजनिक स्थानमा फोहरमैला नफालौँ ।
- घरभित्रबाट निस्कने फोहरमैलाको वर्गीकरण गरी कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै राखी व्यवस्थापन गरौँ ।
- स्वच्छ वातावरणको लागि बोट बिरुवा रौपौँ र चौतारीको संरक्षण गरौँ ।
- कुकुर धनीहरूले आफ्नो कुकुरलाई बाहिर नछाडौँ र कुकरलाई घर बाहिर डुलाउँदा कुकुरले गर्ने शौच व्यवस्थापन आफै गरौँ साथै जथाभावी बाटोमा शौच गराएको भेटिएमा कानुन बमोजिम कारवाही गरिनेछ ।
- असहाय तथा सडक मानव भेटिएमा वडा कार्यालयसँग समन्वय गरी मानव सेवा आश्रममा व्यवस्था मिलाउन सहयोग गरौँ ।
- घरघरमा विभिन्न बहानामा आउने अपरिचित व्यक्तिहरूबाट दुरुत्साहित गरी आफू पनि बचौँ अरुलाई पनि बचाऔँ ।
- घरबाट निस्कने कुहिने फोहरको मल बनाई कौशी खेतीलाई प्रोत्साहन गरी विषादी रहित तरकारीको प्रयोग गरौँ ।

रुद्रनाथ बराल
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. ८ को कार्यालय
पोखरा-८, कास्की

## हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र
पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औँ वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

Machhapuchhre IT Solution
Pokhara-9, Newroad
Ph. : 9856056280, 9806544514, 9811959070

# मुस्ताङमा तोरन्ल गोल्डकप

पोखरापत्र संवाददाता
म्याग्दी, १ चैत

मुस्ताङको थासाङ गाउँपालिका-४ घाँसामा आजदेखि १२औँ केन्द्रीय तोरन्ल गोल्डकप अन्तर क्षेत्रीय तारो खेल्ने (आर्चरी) प्रतियोगिता सुरु भएको छ।

थकाली सेवा समिति नेपालको आयोजना र घाँसा क्षेत्रको आतिथ्यतामा तीन दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा देशका विभिन्न ठाउँका २९ समूहका दुई सय ३२ खेलाडी सहभागी छन्।

एउटा समूहमा सात खेलाडी रहने छन् । प्रतियोगितामा प्रतिस्पर्धा गर्ने सबै थकाली समुदायका खेलाडी हुन् । थकाली समुदायको पौराणिक तारो हान्ने खेलको संरक्षण, खेल पर्यटनको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगिताको आज प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीले उद्घाटन गर्नुभयो।

समितिले प्रत्येक तीन-तीन वर्षमा तोरन्ल गोल्डकप आयोजना गर्दै आएको छ। प्रतियोगिता सञ्चालन गर्न समितिले तीन वर्षअघि रु ५१ लाखको अक्षयकोष स्थापना गरेको थियो। प्रतियोगिताका विजेताले सुनको पाँच तोलाको मेडल, रनिङ शिल्ड, कप र रु एक लाख पुरस्कार पाउनेछन् । दोस्रो, तेस्रो र सान्तवना हुनेले क्रमश रु ५० हजार, रु २५ हजार र रु १० हजार पुरस्कार पाउने थकाली सेवा समितिका अध्यक्ष गजेन्द्र तुलाचनले जानकारी दिनुभयो। सर्वोकृष्ट धनुषकर, विशिष्ट धनुषकर, अनुशासित टोली, ज्येष्ठ र कम उमेरका खेलाडीलाई समेत नगद तथा प्रमाणपत्र प्रदान गरिने उहाँले बताउनुभयो।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै प्रतिनिधिसभा सदस्य गौचन, प्रदेशसभा सदस्य विकल शेरचन र विमला गौचनले थकाली समुदायको भाषा, कला, संस्कृति र संस्कारको संरक्षणमा जोड दिनुभयो । मुस्ताङ उद्गम थलो भएका थकाली समुदायले तारो खेललाई मौलिक परम्परा मान्छन् । परापूर्वकालमा खेतीबाली लगाएर थन्क्याएपछि मनोरञ्जनका लागि तारो खेल्ने चलन थियो। तारो खेलमा बाँसको धनुषवाण र जरबुटाको तीर हुन्छ। करिब डेढ सय मिटर वारिपारि राखिएका दुईवटा फल्याकमा तीर हान्ने गरिन्छ।

जुन समूहले धेरैपटक फल्याकमा तीर हान्छ उसैले प्रतियोगिता जित्ने गर्छ । फल्याकको बीचमा राखिने गोलो आकारको सानो भागमा तीर कोपेपछि गोल भएको मानिन्छ । प्रतियोगिताको उद्घाटन हुनुपूर्व थकाली समुदायको जातीय पहिचान झल्कने झाँकी र बाजागाजासहित घाँसा बजार परिक्रमा गरिएको थियो।

# बाबुको ...

यात्रा जलबिद्युतमा अझ बढी केन्द्रित हुनु पर्छ भन्ने सुरुवातबाटै भन्दै आए । सम्भावित खोलामा जलबिद्युतको लाइसेन्स सन १९९८ बाटै लिन सुरु गरेको केसी परिवारले २००० बाट जलबिद्युतको अध्ययन गर्न सुरु गरेको थियो। १ देखि ३२ मेगावार्टसम्मका ७ वटा जलबिद्युत परियोजनामा लगानी गरेको केसी ग्रुपले हाल करिब ७२ मेगावार्ट जलबिद्युत उत्पादन गर्दै आएको छ भने अबको केही महिनामै एक सय मेगावार्ट बिद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । जलबिद्युतबाट धेरै परिवर्तन गर्न सकिने दाबी गरेको केसी ग्रुपले अब आफुहरुको ध्यान जलबिद्युतमा लगानी सहित हाईड्रोजन इनर्जी उत्पादनमा बिषेश जोड दिने योजना बनाएको छ । हरित हाइड्रोजन नेपालको यातायात क्षेत्रको लागि भविष्यको इन्धन हुन सक्ने सपना देखेर केसी ग्रुपले यही उर्जा नेपालमा उत्पादन गर्ने अभियानमा लागेको हो । हाइड्रोपावरबाट निस्केको पानीलाई वाफ बनाउने, हाइड्रोजन छुट्याउने र त्यसबाट उर्जा निकाल्ने प्रविधी हो।

सन २००५ मा ४.८ मेगावाटको गण्डकी हाइड्रोपावरबाट सुरु गरेर १ मेगावाटको टास्क हाइड्रोपावार, सहित यूनाइटेड ईदि मर्दी, भगवती हाइड्रोपावर, सिक्लेस हाइड्रोपावर, सिभल हाईड्रोपावर, झयामा लोङमा( करुवा) हाइड्रोपावरमा केसी समुहले लगानी गरेको छ। द्धन्द्धकालमा सुरु भएको पहिलो गण्डकी हाइड्रोपावर निर्माणकै क्रममा राज्य पक्ष र तत्कालिन माओबादीबाट प्रभावित हुदा हुदै फलामको चिउरा चपाएसरी उक्त जलबिद्युत संचालन गर्नु परेको स्मरण गर्दै केसी दाजु भाई भित्र तथा बाहिर उत्तिकै मिलेको देखिन्छ। बाबुसंगै फिल्डमा गएका केसीका छोराहरुले द्धन्द्ध कालको समस्या झेल्नु परे पछि एक रात बाबुसंग हैन बाबा जलबिद्युतमा लगानी नगरौं क्या हो मात्र भन्दा बाबुले टेवल ठोकेर के भन्यौ जसमा नेपालको भविश्य छ, जुन दिगो व्यवसाय हुन्छ, त्यसमा जोखिम नभएर के हुन्छ हरेक सामनासंग जुध्न सक्नु पर्छ भन्दै सम्झाई बुझाई गरे पछि छोराहरु भोलि पल्टबाट जलबिद्युतको योजनालाई अघि बढाउने गरी अघि बढे । गोर्खा दरबारको झल्को दिने गरी गोर्खा भिलेज नामले ठुलो परियोजना अघि बढाएको विभिन्न कारणले उक्त योजना अघि बढेन तर पनि केसी ग्रुप अन्तर्गत हिमालयन गल्फ कोर्स, केसी हाउजिङ्ग, नेपाल टुरिजम एन्ड होटल म्यानेजमेन्ट कलेज, नेपाल इन्जिनियरिङ्ग कलेज, कालिका मल्टिप्रपोज कलेजमा लगानी रहेको छ। हिमालयन गल्फ कोर्ष विश्वकै १० उत्कृष्ट गल्फ कोर्ष मध्य एकमा पर्छ जहाबाट हिमश्रृखला, खोलाको भागमा वारीपारी खेल्न मिल्ने गरी १८ होल रहेको छ। सराङ्कोटमा सूर्योत्थान रिसोर्ट र अत्याधुनिक सुविधा सम्पन्न अपार्टमेन्ट निर्माण भइरहेको छ। नेपालका दुई घराना केसी ग्रुप र केयल ग्रुपको संयुक्त लगाानीमा 'सूर्योत्थान लक्जरी अपार्टमेन्ट' निर्माण भइरहेको हो जहाँ ३ वटा ब्लकमा १ सय ४१ वटा अपार्टमेन्ट निर्माण हुदै छ। १८ रोपनी जग्गामा निर्माण भइरहेको अपार्टमेन्टको बुकिङ खुल्ला भएको छ। हामी पोखराका पुराना बासिन्दा भएको हुनाले हामीले पोखरामा केही गर्न चहान्छौं, हामीले हाम्रा अग्रज पुस्ता हजुर बा देखि बाबाले देखाएको बाटो उहाँहरुले अघि बढाएका उद्योग व्यवसायलाई हामीले उहाँहरुलाई दाग नलाग्ने गरी हामीले दिलो ज्यान दियर दिगो रुपमा संचालन गर्ने छौं । द्धन्दकालमा पनि सघर्षको गर्दै अघि बढ्यौं अबको अबस्था त झनै सहज छ तर केही गर्दा कानूनि अल्झन भने यथावत रहेको छ। हामी राम्रो संस्कारबाट हुर्किएका तीन दाजु भाई सधै समाजमा राम्रो र असल समाज निर्माणमा आफ्नो भूमिका हुने छ। मुलुकको अहिलेको अबस्था निकै चुनौंती पूर्ण रुपमा रहेको छ भने देशको अर्थतन्त्रलाई एउटा ट्याकमा राख्ने अवसर पनि हो। निजी बैंक तथा वित्तिय क्षेत्रलाई खुल्ला छाड्दा केहीले प्रगती गरेको पनि अबस्था देखिन्छ तर यसको नियमन समयमै हुन नसक्दा हाल सहकारी देखि केही बैंक तथा वित्तिय क्षेत्रमा पनि यसको असर पर्न थालेको छ। राष्ट्र बैंक पनि यस बिषयमा अभ्यासकै क्रममा भएकोले यसलाई समयमै ट्याकमा ल्याउन चुक्यो अब यसलाई सन्तुलन मिलाउदै अघि बढाउनु पर्छ। जग्गाको कारोवारी र बैंकको नाफा खाना जोख्ने एक समुह र केही व्यवसाय गर्दा गर्दै घाटामा जानेहरु पनि आर्थिम मन्दिको मारमा परे । आशाबादी हुनु पर्यो, हरेक समयको चरण हुन्छ अब केही समयमा आर्थिक क्षेत्रमा सुधार आउछ। राज्यले अझ अर्थतन्त्रलाई केही समय नियन्त्रण नगरेको भए सायद अझ ठुलो रुपमा यसले देशमा असर पार्न सक्थ्यो।

राज्यले सानो देखि मध्यम हुदै ठुला व्यवसायलाई प्रोत्साहन हुने र लगानी मैत्रि वातावरण वनाउनु पर्छ। सबै कुरा राजनीतिमा ठोकिने हुदा यसमा राजनीतिक दललका नेताहरु बिषेश गरी यसमा बढी जिम्मेवार हुनु पर्यो अहिलेको यो विसम परिस्थितीको सामना गर्ने सामर्थ राख्नु पर्यो । नेपाल सरकारको नीति विधि र कार्यान्वयन गर्न खोज्दा साच्चै जलबिद्युतमा त झन यति धेरै चुनौतीको सामना गर्नु पर्छ सायद सामान्य व्यक्तिहरुले त्यसको सामना गर्नु भन्दा उ अन्य क्षेत्रमा लगानी गर्न जाने प्रकारको छ। हामीले त धेरै समस्या पहचाउन सक्ने भयौं तर पुंजी भएको कुनै व्यक्तिले यस्तो जोमि क्षेत्रमा कसरी लगानी गर्न सक्छ। भारतीय उद्योग धन्दा फष्टाउनुमा राज्यले बिद्युत, आयकरमा छुट दिएको छ । यती सम्भावना भएको देशमा अझै पनि मध्यरातमा पनि हजारौंको सख्यामा विदेशीएको अबस्था देख्दा हामी निकै दुःखी छौं । हाम्रोमा पर्यटन, जलबिद्युत र कृषिको अथाह सम्भावना छ हामी कृषिमा मात्र आत्मनिर्भर बन्न सके यसले हामीलाई आर्थिक रुपमा धेरै माथि लैजान मद्धत पुग्छ।

देशको हालको यो अवस्था आउनुमा दोषी हामी सबै हौं भलै यसमा नेतृत्वमा रहेका नेताहरुले यसको बढी जिम्मा लिनु पर्छ । जनताको अभिभावक सरकार भएको हुनाले यसमा राज्यले यसको जिम्मा लिनु पर्छ। पहिला आर्थिक, भौतिक र आध्यात्मिक उन्नती गर्न सके त्यस पछिको विकास धेरै सहज र सरल हुने छ । हामीले हाम्रो चेतनालाई अझ बढी प्रयोगमा ल्याउनु पर्छ जस्तो लाग्छ। राजनीतिक दल र सरकारको भूमिकामा सरकार जिम्मेवार हुनु पर्यो । नेपाली जनताको अभिभावक भएको हुनाले अहिलेको अवस्थामा देखिएको समस्याको समधान पनि सरकारले नै गर्नु पर्छ।

केही दिन अघि अमेरीका जाने क्रममा नेपालको त्रिभुवन अन्ताष्ट्रिय विमानस्थलमा राति पनि विदश जानेको लर्को देखिदा हाम्रा आँखा रसाए, धेरै सम्भावना भएको मेरो देशका जनता रोजगारको लागि आफ्नो घर परिवार त्यागी विदेशीको त्यो दृश्य राति पनि सयौंको लाइन विदेश जानेको देखियो । तीन पुस्ता विदेशीकाको अबस्था बुझ्दा पहिला गएकाहरु बाबु र दाजु उमेर समुहकाहरु नेपाल फर्किन चहान्छन। दोश्रो पुस्ता ४० बर्ष कम उमेरका उनीहरुमा नेपाल प्रतिको माया बिर्सिएको मलाई भान भयो । उनका छोराछोरीको बारेमा बुझ्दा मेरा बाबु आमा नेपाली हुन र भन्ने सम्मको बुझाई रहेको भेट्दा मलाई निकै चिन्तित बनायो । अमेरीकामा ५ देखि ७ लाख, अष्ट्रेलीयामा २ देखि ३ लाख वेलायतमा २ देखि ३ लाख लगायतका देशमा पुगेको बस्थामा उनीहरुलाई नेपालमा ल्याउछु भन्न त सकिने कुरै भएन त्यो सम्भव पनि भएन नेपाल छाड्नुको पनि त कारण छ नी त। नेपालमा सबर्ष गर्नु भन्दा विदेश बरु जस्तो सुकै काम गर्न तयार भएर धेरै युवा अहिले बाहिरिएका छन्। विदेहीका नेपालीहरु आफ्नो पुरानो गाँउ ठाँउमा र नेपालका पर्यटकीय गन्तव्यमा घुमघामको लागि आउने गरी बाटो घाटोको व्यबस्था राम्रो होस भन्ने मैले कामना गर्दछु । विश्व व्यापीकरणले गर्दा संसार एउटा सानोघर जस्तो भएको छ । नेपालमा पुनः फर्कियर चहानेहरुको लागि व्यपार गर्ने गरी नीति बनाउन आवश्यक छ। पोखराको लेकसाइडकै त्रुकरा गर्नु हुन्छ भने होटल बेचेर क्यानडालजना आज हाम्रा नेपाली जादु भाङ्ग किन तयार भए त यस बिषयको खोजी गर्दा यहाँ सम्भावना हुदा हुदै यहाँ काम गर्ने उपयुक्त वातावरण अब नाउनैं पर्छ। हजुर बाबा देखि बाबाले पनि हामीलाई पोखरा र नेपाल केन्द्रित भई यही केही गर्नुपर्छ भन्ने संस्कार दिनु भयो आज हामी त्यही संस्कारमा बाधिएका छौं । हामीले अरु जसरी दिशीले बिषयमा सोच्न पनि सक्दैनौं यही केही गर्ने यहाँको समाज परिवर्तनमा हाम्रो भुमिका पनि हामीले खोज्ने गरेका छौं । देशको जस्तो सुकै परिस्थितीमा हामीले खप्नुको कुनै विकल्प छैन् । उच्च शिक्षा अध्ययनका लागि वेलायत रहेका किरण केसीलाई बाबुले वोलाय पछि स्वदेश फर्किएका हुन हाल उनले जलविद्युत, बिमा, अपार्टमेन्ट, कस्ट्रक्सनको काम हेरिरहेका छन । किरणले केसी ग्रुपले बनाएका जलविद्युत, पोखराको सराङकोटमा निर्माणाधीन अपार्टमेन्ट, सनलाइफ इन्स्योरेन्स कम्पनी, केसी कस्ट्रक्सन लगायतको क्षेत्रमा आफ्नो ध्यान दिने गरेका छन्। जेठो छोरा प्रकाश हिमश्री फुड्स प्रालिका कार्यकारी निर्देशक, केसी विल्डर्सका अध्यक्ष, माछापुच्छ्रे बैंकका पूर्व निर्देशकको भुमिकामा बिषेश ध्यान दिदै आएका छन्। सुर्य बहादुरका कान्छा छोरा हुन रोशन केसी जो माछापुच्छ्रे बैंकको हालै अध्यक्षमा चयन भए । उनले बैंक देखि गभर्मेन्ट प्रोजेक्ट सहित देशभरका भवन देखि सडकसम्म, सिँचाइ, आवास गृहका कामको रेखदेख गर्दै आएका छन्। हिम श्री फुड्स प्रालि र केसी ग्रुपको अध्यक्षमा सुर्य बहादुर केसीकी धर्मपत्नी उद्योगी व्यवसायी प्रेमकुमार केसी रहेकीछन उनले आफ्नो व्यवसायीक यात्रा सहित सामाजिक क्षेत्रमा समेत उत्तिकै सहयोग गर्दै आएकी छन्।

अहिलेको परिस्थितीमा यसलाई धान्नु नै हाम्रो लागि ठुलो उपलब्धी हुने छ। हामी हाम्रो व्यवसाय प्रबर्द्धन र नाफाको मात्र कुरा गर्दैनौं हामीले जहिले पनि समाजसंज जोडियर सिक्लेस जलबिद्युत परियोजना गर्दा करिब ४४ किलोमिटर सडक बनाउने कार्यमा सहयोग गर्‍यौं, भगवती जदबिद्युतमा मात्र कुरा गर्नु हुन्छ भने ८० हजार जना देशभरीबाट शेयर धनि हुनुहुन्छ । रोजगार र केही हिस्सा विकास गर्न गरिएको लगानीले हामीलाई ठुलो हासिल गरेको भान हुन्छ जहाँ हामी सन्तुष्टि हुने गछौं। हाम्रा बाबाले पनि यस बिषयमा सुरुबाटै यसमा केन्द्रित गर्नु भयो अब हामीले पनि यस बिषयलाई संस्कारको रुपमा अघि बढाउछौं। यसले देश प्रतिको माया पनि भित्रि मनबाटै आउदो रैछ।

## वडावासीहरूमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौँ ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौँ ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौँ ।
- चौपायाहरुलाई छाडा नछोडौँ ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौँ।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौँ ।

शिवप्रसाद तिमिल्सिना
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. १८ को कार्यालय
पोखरा-१८, कास्की

## वडावासीहरूमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौँ ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौँ ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौँ ।
- चौपायाहरुलाई छाडा नछोडौँ ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौँ।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौँ ।

रामकाजी गुरुङ
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. २३ को कार्यालय
पोखरा-२३, कास्की

## वडावासीहरूमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौँ ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौँ ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौँ ।
- चौपायाहरुलाई छाडा नछोडौँ ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौँ।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौँ ।

हिमलाल बराल
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. २२ को कार्यालय
पोखरा-२२, कास्की

## वडावासीहरूमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौँ ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौँ ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौँ ।
- चौपायाहरुलाई छाडा नछोडौँ ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौँ।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौँ ।

मोतिलाल तिम्सिना
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. २५ को कार्यालय
पोखरा-२५, कास्की

## विश्वमा ...

प्रदान गर्दै स्वदेशी तथा अन्तर्राष्ट्रिय विविधतायुक्त पर्यटकहरूलाई आकर्षित गर्छ। पर्यटकहरूलाई नेपालको समृद्ध सांस्कृतिक सम्पदाको झलक प्रदान गर्ने परम्परागत नेपाली सङ्गीत, नृत्य र कला केन्द्रको मञ्च हो। फेस्टिभलमा देखाइने शेर्पाहरू, मुख्यतया पहाडी क्षेत्रमा बसोबास गर्ने, पर्वतारोहण कौशलका लागि प्रसिद्धछन्। तिनीहरूको हिमालसँग गहिरो सम्बन्ध छ र प्रायः ट्रेकर्स र पर्वतारोहीहरूको लागि गाइडको रूपमा कार्यरत छन्। तामाङहरू नेपालको मध्य र पहाडी क्षेत्रमा पाइन्छन्। तिनीहरूको छुट्टै भाषा छ र परम्परागत नृत्य र संगीत सहित समृद्ध लोक संस्कृतिका लागि परिचित छन्। पश्चिम र मध्य क्षेत्रहरूमा बसोबास गर्ने, गुरुङहरू उनीहरूको बहादुरीका लागि परिचित छन्। तिनीहरूसँग एक अद्वितीय सांस्कृतिक सम्पदा छ, जसमा घाटु र रोधीघर जस्ता परम्परागत नृत्यहरू समावेश छन्। काठमाडौं उपत्यकामा केन्द्रित नेवारहरूको सांस्कृतिक र ऐतिहासिक विरासत छ। तिनीहरू आफ्नो विशिष्ट कला, वास्तुकला, इन्द्र जात्रा जस्ता चाडपर्वहरू र नेवारी भाषाका लागि परिचित छन्। दक्षिणी तराई क्षेत्रमा थारुहरूको छुट्टै संस्कृति र जीवनशैली छ। तिनीहरू कृषिमा विशेष गरी धान खेतीमा विशेषज्ञताका लागि परिचित छन्। यस्तै, पोखरा सडक महोत्सवकोले नेपालको परम्परागत संगीत विविध जातीय र सांस्कृतिक प्रभावहरूले बुनेका धागोलाई समेट्छ। देशका विभिन्न समुदायका रीतिरिवाज र परम्पराहरूमा जरा गाडिएको, परम्परागत नेपाली संगीतले प्रत्येक समूहको छुट्टै पहिचान र इतिहास झल्काउँछ। लोक संगीत नेपाली संस्कृतिको अभिन्न अंग हो, जसले विभिन्न जातीय समूहहरूको दैनिक जीवन र उत्सवहरू झल्काउँछ। गीतहरू प्रायः मादल, सारंगी र बाँसुरी जस्ता परम्परागत वाद्ययन्त्रहरूको साथमा हुन्छन्। विषयवस्तुहरू प्रेम र प्रकृतिदेखि आध्यात्मिक र सामाजिक मुद्दाहरू सम्म छन्। नेपालमा शास्त्रीय संगीतको समृद्ध परम्परा रहेको छ। सितार, तबला र हर्मोनियम जस्ता शास्त्रीय बाजाहरू सामान्यतया प्रयोग गरिन्छ। धार्मिक र भक्ति सङ्गीत नेपाली सांगीतिक सम्पदाको अभिन्न अंग हो। धार्मिक समारोह, चाडपर्व र तीर्थयात्राहरूमा भजन र भक्ति गीतहरू गाईन्छ। यी गीतहरूले प्रायः भक्ति, आध्यात्मिकता र प्रशंसाका विषयवस्तुहरू व्यक्त गर्छन्। मादल दुई टाउको भएको परम्परागत ह्यान्ड ड्रम हो, जुन सामान्यतया लोक र शास्त्रीय संगीतमा प्रयोग गरिन्छ। यो दुबै हातले बजाइन्छ र विभिन्न सांस्कृतिक कार्यक्रम र उत्सवहरूमा एक प्रमुख हो। सारंगी शास्त्रीय र लोक संगीतमा महत्वपूर्ण भूमिका खेल्ने एक तार वाद्ययन्त्र हो। यसको भावपूर्ण स्वरले संगीतको माध्यमबाट भावनाहरू अभिव्यक्त गर्नको लागि लोकप्रिय विकल्प बनाउँछ। बाँसुरी, शास्त्रीय र लोक परम्परामा व्यापक रूपमा प्रयोग गरिन्छ। यसका सुमधुर स्वरहरूले नेपाली सङ्गीतमा शान्त गुण थप्छन्। पञ्चे बाजा विवाह र चाडपर्वजस्ता उत्सवहरूमा प्रयोग हुने पाँचवटा वाद्ययन्त्रहरूको परम्परागत समूह हो। यसमा दमाहा, नरसिंह, त्यम्को, बाँसुरी र शहनाई जस्ता यन्त्रहरू समावेश छन्। पोखरा सडक महोत्सवले नेपालको परम्परागत खाद्य संस्कृति यसको विविध भूगोल, हावापानी र बहुसांस्कृतिक समाजको प्रतिबिम्ब गर्छ। खाना र प्रत्येक जातीय समूहले अद्वितीय स्वाद, सामग्री र खाना पकाउने प्रविधिहरू फेस्टिभलमा देखाइन्छ। पोखरा सडक महोत्सवले यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउँछ। स्थानीय व्यवसाय र समुदायको लागि दिगो अवसर सिर्जना गर्दै, यस क्षेत्रको आर्थिक विकासमा योगदान पुऱ्याउँदै आएको छ। विश्वव्यापी सडक महोत्सवहरूको भव्यता बेजोड जस्तो लाग्न सक्छ। तापनि, पोखरा सडक महोत्सव, यसको फरक नेपाली स्वादको साथ, सानो तर प्रभावशाली स्तरमा विविधताको सौन्दर्य प्रदर्शन गर्नमा सफल छ। यो पर्वले स्थानीय परम्परा र अन्तर्राष्ट्रिय उत्सवबीचको पुलको रूपमा काम गर्दछ, जसले मानिसहरूलाई एकता र सांस्कृतिक आदानप्रदानको भावनामा ल्याउँछ। पोखरा सडक महोत्सवको सफलताले नेपालको समग्र पर्यटन प्रवर्द्धन र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै सहरको सिमानाभन्दा बाहिर पनि प्रतिबिम्बित भएको छ। सांस्कृतिक आदानप्रदान, आर्थिक बृद्धि र सामुदायिक संलग्नताका लागि एउटा मन्च सिर्जना गरेर, महोत्सवले नेपालको विश्वव्यापी पर्यटनलाई माथि उठाउन महत्वपूर्ण भूमिका खेलेको छ। त्यसैगरी, पोखरा सडक महोत्सवले आफ्नो २५ औं महोत्सव समापन गर्दै गर्दा प्रश्न उठ्न सक्छः महोत्सवको नवीनताको लागि अब के हुन्छ? भविष्यमा महोत्सवको पहुँच विस्तार गर्न, नयाँ विषयहरू पस्कन र पर्यटन र सामुदायिक विकासमा यसको प्रभाव बढाउने सम्भावनाहरू खोज्न कत्तीको सफल हुन्छ ? स्थानीय सरोकारवालाहरूसँग निरन्तर सहकार्य, दिगो अभ्यासहरू अंगाल्ने, र प्राविधिक विकासहरू समावेश गर्दा महोत्सवको स्थितिलाई अझ माथि उठाउन र यसको स्थायीत्व सुनिश्चित गर्न सकिन्छ। नेपालको पुराना पदयात्रादेखि पोखराका सडक महोत्सवहरूसम्म, पर्यटन मार्फत २५ औं पोखरा सडक महोत्सवको सफलताको उत्सव मनाउने क्रममा, यसलाई सांस्कृतिक उत्सवको निरन्तर विकास, र समुदायहरूको एकताको भावना ल्याउन सकोस्। पोखरा सडक महोत्सवको विरासत, विश्वव्यापी र स्थानीय दुवै रूपमा, हाम्रो अन्तरसम्बन्धित संसारको कथालाई आकार दिन साझा सांस्कृतिक अनुभवहरूको स्थायी शक्तिको प्रमाण बन्न सकोस्, शुभकामना !

(लेखक पर्यटन व्यवस्थापन विषयका प्राध्यापक हुन्।)

## म्याग्दीमा ऊनबाट बनेका कपडा लगाउनुपर्ने अभियान

पोखरापत्र संवाददाता
बेनी, १ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका–६ ठाडाखानीका छन्त्याल समुदाय आफ्नो वेशभूषा, संस्कृति र परम्पराको संरक्षणमा जुटेका छन्।

परम्परागत रुपमा भेडाको ऊनबाट बनाउने हाब्दुल, काम्लो, स्विटर, टोपीलगायतका मौलिक पोसाक लोपोन्मुख अवस्थामा पुगेपछि ती समुदाय संरक्षणमा लागेका हुन्। पुर्खाले भेडापालन गर्ने र भेडाको ऊनबाट कपडा बनाउने पेसा अँगालेकामा पछिल्लो समय ऊनबाट बनेका कपडा हराएर जान थालेपछि गाउँमा सबैले ऊनका कपडा लगाउने अभियान चलाएको स्थानीय यामबहादुर छन्त्यालले बताउनुभयो। "परम्परागत भेडा बाखापालनलाई हामीले निरन्तरता दिँदै आएका छौँ, तर भेडाबाखाको ऊनबाट बनाइने हाब्दुलो, काम्लोलगायत लोप हुन लागेका छन्, हामीले पुर्ख्यौलीलाई नमार्सौं भनेर अग्रसरता दिएका हौँ", उहाँले भन्नुभयो। भेडाबाखा पाल्दै आउनुभएका छन्त्यालले गाउँमा अहिले ऊनबाट बनेका कपडा लगाउने लहर नै चलेको बताउनुभयो। घरायसी काम, गोठ बस्दा र सार्वजनिक कार्यक्रममा ऊनबाट बुनेर बनाइएका हाम्दुलोको प्रयोग हुने थालेको छ। भेडाबाखाको ऊन खेर जान नदिन र ऊनबाट कपडा बुन्ने पेसा हराएर जान नदिन युवाको अग्रसरतामा परम्परागत पोसाक बनाउने र लगाउन थालिएको छ।

ठाडाखानीमा अहिले पनि भेडा बाखापालन हुँदै आएको छ। यहाँका स्थानीयले करिब एक हजार ५०० को हाराहारीमा भेडाबाखा पालेका छन्। भेडाबाखाको ऊन काढेर उनलाई प्रशोधन गरेर धागो बनाएपछि तानमा बुनेर कपडा बनाउने गरिन्छ। ऊनबाट कपडा बनाउने पेसा सङ्कटमा पर्दै गएपछि यहाँका स्थानीयले अभियानकै रुपमा ऊनका कपडा लगाउन थालेका हुन्। ऊनबाट बनेका कपडा न्यानो हुने र धेरै वर्ष टिकाउ हुने भएकाले गोठमा बस्नेले अधिक मात्रामा प्रयोग गर्ने चलन रहेको छ। भेडाबाखाको ऊनलाई प्रशोधन गरेर चर्खाबाट धागो बनाई, तानमा बुनेर हाब्दुल, काम्लो, टोपी, स्विटरलगायतका सामान बनाउने गरिन्छ। परम्परागत पोसाकसँगसँगै पुर्ख्यौलीपेसाको रुपमा रहेको खानी खन्ने र घरायसी काममा प्रयोग गरिने कोर्को, डोको थुन्सेलगायतका सामानलाई समेत जर्गेना गर्न थालिएको स्थानीय जीतबहादुर छन्त्यालले बताउनुभयो। पुर्खाले सिर्जना गरेका पहिचानलाई जोगाएर नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि पनि स्थानीयले अग्रसरता देखाएको उहाँको भनाइ छ।

ती समुदायको बाहुल्य बसोबास रहेको ठाडाखानीका बासिन्दाले वेशभूषा, पेसा र सीपसँगै भाषा, संस्कृतिलाई समेत जगेर्ना गरेका छन्। स्थानीयस्तरमा छन्त्याल खाम भाषालाई बोलीचालीको प्रचलनमा ल्याएका छन् भने पुर्ख्यौली सोरठी, मादले मारुनीलगायतका नाचलाई समेत जीवन्त राखेका छन्। गाउँमा हुने सार्वजनिक कार्यक्रम र बाहिरबाट आउने अतिथिको स्वागतमा मौलिक पुर्ख्यौली नाचले स्वागत गर्ने गरिएको रघुगङ्गा गाउँपालिका–६ का वडा सदस्य टेकजित छन्त्यालले बताउनुभयो। "पुर्ख्यौली र परम्परालाई मासिन नदिन हामीले अग्रसरता लिएका छौँ, युवापुस्ता समेत आफ्ना पुर्खाका कला, संस्कृति, परम्परा र पेसाको जगेर्ना गर्न लागिपरेका छन्, यसले छन्त्याल समुदायको कला, संस्कृति र जनजीवनलाई नयाँ पुस्तामा सीप र संस्कार हस्तान्तरणमा सहयोग पुग्ने हामीले विश्वास लिएका छौँ", वडासदस्य छन्त्यालले भन्नुभयो। वडा कार्यालयले समेत मौलिक वेशभूषा, कला संस्कृति र परम्पराको जगेर्ना गर्न स्थानीय आमा समूहलाई पोसाक उपलब्ध गराएको छ।

## महेन्द्र गुफामा १ लाख ६१ हजार पर्यटक भित्रिदा १ करोड ५० लाख आम्दानी

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

पोखराको पुरानो पर्यटकीय गन्तव्य महेन्द्र गुफा तथा चमेरे गुफामा पर्यटक आगमनमा उल्लेखनिय बृद्धि भएको छ। पछिल्लो ६ महिनामा महेन्द्र गुफामा १ लाख ६१ हजार आन्तरिक तथा बाह्िय पर्यटक भित्रिदा चमेरे गुफामा भने ९३ हजार पर्यटक भित्रिएका छन्।

चालु आर्थिक बर्षको पुष मसान्तरसम्ममा महेन्द्र गुफामा १ लाख ६१ हजार ५ सय ३४ जना आन्तरिक तथा बाह्िय पर्यटकको आगमन भएको महेन्द्र गुफा/चमेरे गुफा पर्यटकीय विकास समितिका सदस्य सचिव शिशिर पौडेलले बताए। चालु आर्थिक बर्ष २०८०/०८१ को पहिलो ६ महिनामा महेन्द्र गुफामा ४८ हजार ३ सय ८६ जना विद्यार्थी, ६४ हजार ६ सय ५५ जना नेपाली, ४६ हजार ६ सय ५१ जना सार्क मुलुकका र १ हजार ८ सय ४२ जना अन्य तेश्रो मुलुकका विदेशी पर्यटकहरुले अध्ययन अवलोकन गर्न आएको उनले जनाए। उक्त सङ्ख्यामा पर्यटकहरु महेन्द्रगुफामा अवलोकन गर्दा प्रवेश शुल्कबाट करिब १ करोड ५० लाख भन्दा बढी रकम संकलन भएको सदस्य सचिव पौडेलले बताए।

त्यसै गरी महेन्द्र गुफदेखि नजिकै रहेको चमेरे गुफामा चालु आर्थिक बर्षको पहिलो ६ महिनामा आन्तरिक तथा बाह्िय गरी ९३ हजार ६ सय ५ जना पर्यटकको आगमन भएको समितिले जनाएको छ। चालु आर्थिक बर्षको पुष मसान्तरसम्ममा ३१ हजार ८ सय १७ जना बिद्यार्थी, ४३ हजार ७ सय ७२ जना नेपाली, १६ हजार ५ सय २७ जना सार्क मुलुकका र १ हजार ४




सय ८९ जना तेश्रो मुलुकका विदेशी पर्यटकहरु चमेरे गुफामा अध्ययन अवलोकन गर्न प्रबेश गरेको सदस्य सचिव पौडेलले उल्लेख गरे। चमेरे गुफामा ६ महिनाको प्रबेश शुल्कबाट मात्रै करिब ७० लाख रुपैया संकलन भएको उनले जनाए। चमेरे गुफामा विश्वमै लोभ हुने अबस्थामा रहेका ५ प्रजातीका चमेरा पाइने भएको समितिका संयोजक गुरुदत्त भट्टराईले बताए।

उक्त गुफामा प्रबेश शुल्कः फरक फरक रहेको छ। उक्त गुफामा प्रबेशको लागि बिद्यार्थीहरुको हकमा प्रति व्यक्ति ३०, नेपाली ५०, सार्क मुलुकका पर्यटकलाई ८० र तेश्रो मुलुकका पर्यटकहरलाई भने १ सय ५० रुपैया शुल्क निर्धारण गरिएको छ। पोखराको पुरानो पर्यटकीय गन्तव्य भएकोले उक्त गुफा अवलोकन गर्न देश तथा विदेशबाट आन्तरिक तथा बाह्िय पर्यटकहरु आउने गरेका छन्।

यसैबिच, गत आर्थिक बर्षमा महेन्द्र गुफामा आन्तरिक तथा बाह्िय पर्यटक गरी ३ लाख २० हजार पर्यटक भित्रिएका थिए। त्यसै गरी गत बर्ष चमेरे गुफामा करिब २ लाख आन्तरिक तथा बाह्िय पर्यटकले अध्ययन तथा अवलोकनको लागि चमेरे गुफामा प्रबेश गर्नु भएको समितिले दिएको तथ्याङ्मा उल्लेख गरिएको छ। दुवै गुफाको पोखरा १६ बाटुलेचौर स्थित विन्ध्यवासिनी मा.वि.को स्वामित्व तथा संरक्षकत्वमा संचालन हुदै आएको छ।

**योजना सम्झौता गर्न आउँदा आवश्यक पर्ने कागजातहरु**

१. उपभोक्ताहरुको आम भेलाको उपस्थितिको फोटोकपी ।
२. निर्माण समिति गठन गरेको माईन्युटको फोटोकपी ।
३. समितिको नाम भएको छाप ।
४. जनसहभागिता रकम समितिको खातामा जम्मा गरेको सक्कल भौचर ।
५. समितिमा रहेका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपी ।
६. योजना इष्टिमेट कागज ।
७. समितिले योजना सम्झौता गरि पाउँ भन्ने निवेदन ।

देवकृष्ण पराजुली
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. ४ को कार्यालय
पोखरा-४, गैह्रापाटन, कास्की

**योजना सम्झौता गर्न आउँदा आवश्यक पर्ने कागजातहरु**

१. उपभोक्ताहरुको आम भेलाको उपस्थितिको फोटोकपी ।
२. निर्माण समिति गठन गरेको माईन्युटको फोटोकपी ।
३. समितिको नाम भएको छाप ।
४. जनसहभागिता रकम समितिको खातामा जम्मा गरेको सक्कल भौचर ।
५. समितिमा रहेका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपी ।
६. योजना इष्टिमेट कागज ।
७. समितिले योजना सम्झौता गरी पाउँ भन्ने निवेदन ।

राजेश गुरुङ
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. १० को कार्यालय
पोखरा-१०, कास्की

**हार्दिक शुभकामना**

राष्ट्रिय दैनिक
पोखरापत्र

२५ औं

पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोउत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

हरि प्रसाद पराजुली
अध्यक्ष
भूतपूर्व खेलाडी मञ्च
पोखरा, कास्की

# पोखरा बृद्धाश्रमको २८ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

पोखरा महानगरपालिका वडा न १७ सितापाइलास्थित पोखरा बृद्धाश्रमले २८ औं स्थापना दिवस मनाएको छ।

बृद्धाश्रमले बिहीवार जेष्ठ नागरिक मिलन कार्यक्रमको आयोजना गरि स्थापना दिवस मनाएको हो। कार्यक्रमको जिलूला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नु भएको थियो। सो अबसरमा पौडेलले जेष्ठ नागरिक ज्युदा इतिहास र भबिष्यका मार्गदर्शक भएको उल्लेख गर्दै जेष्ठ नागरिकहरूको सम्बर्द्धन र राज्यले प्रदान गरेका सेवा, सुबिधा र सम्मान निर्बाधरूपले उपयोग गर्ने बाताबरण निर्माणका लागि सबै पक्ष कटिबद्धताका साथ लागि पर्नु पर्ने उलूलेख गर्नुभयो। जेष्ठ नागरिकका सबालमा बनेका छन्, कानुन र ब्यबस्थाहरू कडाइका साथ लागू गर्ने अभियान स्वरूप नेपालमा नै पहिलो पटक जिलूला समन्वय समिति कास्कीले समन्वयात्मक




बैठक मार्फत पहल शुरुवात गरेको जानकारी दिदै निरन्तर यी कार्य जारी राख्ने उल्लेख गर्नुभयो। पोखरा महानगर पालिका वडा न १७ का वडा अध्यक्ष राधिका शाहीले सामाजिक र जेष्ठ नागरिकहरूको क्षेत्रमा पोखरा बृद्धाश्रमले खेलेको भुमिका महत्वपूर्ण रहेको भन्दै उदाहरणिय सामाजिक कार्यमा वडाको सधैं साथ रहने बताउनुभयो। पोखरा महानगर पालिका वडा न १५ का वडा सदस्य बलराम पौडेल, जेष्ठ नागरिक मन्च गण्डकीका अध्यक्ष रोमा शाक्य, निबृत्त शिक्षक संघ केन्द्रिय उपाध्यक्ष तोयनाथ लामिछाने, लेखक रबिन्द्र माकाजु, ब्राह्मण समाजका केन्द्रिय उपाध्यक्ष भेषराज लम्साल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो।सो अबसरमा पोखरा बृद्धाश्रमको बिकास र सम्बर्द्धनका योगदान दिने महानुभाब, कर्मचारी तथा आजिबन सदस्यहरूलाइ सम्मान समेत गरिएको थियो। पोखरा बृद्धाश्रमका अध्यक्ष कुशुम केशव पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सह(सचिब सीता काफ्लेले र संचालन सचिब धर्म गुरुङले गर्नुभएको थियो।

# राष्ट्रिय राजमार्ग जोड्ने सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १ चैत

बागलुङका १० पालिकामध्ये अधिकांश राष्ट्रिय राजर्मागले जोडिएका छन्। तमानखोला, ताराखोला र बरेङ गाउँपालिकाबाहेक अन्यपालिकाकोहीमध्यपहाडीलोकमार्ग, कोही कालीगण्डकी करिडोर त कोही सालझण्डी-ढोरपाटन सडकले जोडिएका हुन्।

राष्ट्रिय राजमार्गले नजोडिएको बरेङ गाउँपालिकाले सहज यातायातका लागि मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोरसँग जोड्नका लागि सडक खुलाएर स्तरोन्नति गर्न थालेको छ। गाउँपालिकाको पश्चिममा मध्यपहाडी लोकमार्ग र पूर्वमा कालीगण्डकी करिडोर पर्छन्। दुवैतर्फ नाका खोलेर यस वर्षदेखि स्तरोन्नतिको काम गर्न थालिएको हो। मध्यपहाडी लोकमार्गसँग जोड्न पेरीबाङतर्फबाट एक दशक अगाडि नै ट्र्याक खुले पनि पूर्वमा कालीगण्डकी करिडोरसँग जोड्न उर्लेनीमा गत वर्षमात्रै ट्र्याक खोलिएको थियो। दुई राष्ट्रिय राजमार्गलाई जोड्नका लागि खुलाइएको यो सडक गाउँपालिकाको गौरवको योजना हो।

# पोखराको सडकमा आश्रित २५ जनाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

सडक आश्रित २५ जना व्यक्तिहरुलाई पोखरामा उद्दार गरिएको छ। २ बर्षीय वालबालिका देखि ज्येष्ठ नागरिकसम्मका व्यक्तिहरुलाई विहिबार उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

पोखराको पृथ्वीचोक तथा लेकसाइड क्षेत्रमा सडक क्षेत्रमा माग्दै हिड्ने तथा विभिन्न ढंगले सडकमा आश्रित १६ जना पुरुष र ९ जना महिलाको विहिबार उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरिक्षक तिलक मानन्धरले बताउनु भयो।

उद्धार गरिएका मध्य मानव सेवा आश्रम हेम्जा शाखामा ९ जना पुरुष र छोरेपाटन शाखामा ४ जना महिलालाई व्यबस्थापन गरिएको मानव सेवा आश्रमका राजन सापकोटाले बताउनु भयो। त्यसै गरी उद्धार गरिएका मध्य ४ जना वालक र ५ जना बालिकालाई वालहेल्प लाइन कास्की (सिविन पोखरा) मा राखिएको वालहेल्पलाइनका मनो विमर्शकर्ता कृष्ण गुरुङले बताउनु भयो। बाँकी रहेका ३ जनालाई भने उहाँका आफन्तको जिम्मामा घर फर्किइएको छ। रौतहट देखिका २ बर्षका बालबालिकाहरु समेत सिविनमा आएको उहाँले जनाउनु भयो। वडा प्रहरी कार्यालय बगर कास्की र पोखरा महानगरपालिकाबाट नगर प्रहरी समेतको प्रहरी टोलीले पोखरा महानगरपालिकाका विभिन्न स्थानहरुमा माग्दै हिड्ने गरेको अबस्थामा उहाँहरुलाई उद्धार गरिएको हो। भिक्षा माग्न कानुनले निषेध गरेकोले पोखराको सडक, गल्ली, पार्क, सवारी बिसौनी स्थल, सरकारी कार्यालय वा कार्यालय परिसर, सार्वजनिक सवारी साधन र अन्य सवारी साधनमा पनि भिक्षा माग्न प्रहरीले नदिने, बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने बाहनामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न लगाउने कार्यलाई रोक लगाइने प्रहरीले जनाएको छ।

बिरामी, बेवारिसे, अशक्त तथा सडक सहयोगापेक्षी मानवको यथोचित तथा मानवीय व्यवस्थापन गर्न प्रहरीले मानव सेवा आश्रमसँग सहकार्य गरी व्यवस्थापन गर्दै आएको प्रहरी निरिक्षक मानन्धरले जनाउनु भयो।

# धार्मिक र पौष्टिक महत्वको जौ बाली लोप हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ चैत

धार्मिक तथा पौष्टिक महत्वले युक्त जौ बाली धवलागिरि क्षेत्रबाट लोप हुँदै गएपछि पाका पुस्ता चिन्तित बनेको छ। मानव स्वास्थ्यका लागि निकै पौष्टिक आहारका रूपमा मानिने र धार्मिककार्यहरूमा अनिवार्य ठानिने कृषिउपज जौं बाली पछिल्लो पुस्ताले खासै चासो नदेखाएपछि लोप हुँदै गएको स्थानीय बताउँछन्।

बेनी नगरपालिका-२ का ८९ वर्षीय वेदप्रसाद उपाध्यायले जौं खानका लागि पौष्टिक र धार्मिककार्यका लागि अनिवार्य चाहिने महत्त्वपूर्ण बाली भएको बताउनुभयो। त्यसका साथै गाईभैंसीका लागि पनि जौं अत्यन्त उपयोगी खुराक भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "धार्मिक महत्वसमेत रहेको जौंको मानवलाई मात्र नभएर पशुचौपायालाई समेत निकै उपयोगी खाद्य पदार्थ हो, जौंलाई भुटेर दिएपछि यसले दुहुनु गाईभैंसीलाई निकै फाइदा दिने गर्दछ।"

मालिका गाउँपलिका-६ का टेकबहादुर पुनका अनुसार पहिला गाउँमा चैतको महिना निकै भोकमरी हुन्थ्यो। गाउँमा कतै चामल पाइँदैन थियो। त्यतिबेला यहाँका स्थानीयले दही र महीसँगै जौंको सातु बनाएर खाने गरेको उहाँले बताउनुभयो। मानव स्वास्थ्यलाई आवश्यक हुने सबैखालको प्रोटिन जौंबाटै पाइने गरेको भए पनि यहाँका स्थानीयलाई जौंका बारेमा ज्ञान नहुँदा पछिल्लो समय खेती विस्तारै लोप हुँदै गएको पुनले बताउनुभयो।

म्याग्दीका बेनी नगरपालिकाका साथै मङ्गला, मालिका, धवलागिरि, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका सबै वडामा फल्ने जौं पछिल्लो समय किसानले लगाउनै छाडेपछि लोप हुने अवस्थामा पुगेको मङ्गला गाउँपालिका-२ का हरिकृष्ण पौडेलले बताउनुभयो। बाथ, मधुमेह, उच्च रक्तचाप, छालाको समस्या, एनेमिया, कब्जियत, मुटुका बिरामी भएकालाई जौंले निकै फाइदा दिने गरेको भए पनि यहाँका स्थानीयले जौं लगाउन छाडेर गहुँखेती गर्दै आएका छन्। बालबालिकाको स्वास्थ्यमा पनि जौंले निकै फाइदा दिने गरेको छ। जौं भुटेर सातुका रूपमा दिने गरेपछि बालबालिकाको स्वास्थ्यलाई निकै फाइदा हुने स्वास्थ्यकर्मी बताउँछन्। विवाह र देउताको पूजापाठमा समेत जौं प्रयोग हुने गरेको ज्येष्ठ नागरिक बताउँछन्। म्याग्दीमा एक हजार हेक्टर जमिनमा जौंखेती लगाउने गरेकामा पछिल्लो समय घट्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ।


हार्दिक शुभकामना

राष्ट्रिय दैनिक
पोखरापत्र

पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं।


भट्टराई ब्रदर्श स्टोर्स
पोखरा-८, न्युरोड, फोन नं.: ०६१-५७७७२०, ९८५६०२५१५०



हार्दिक शुभकामना

राष्ट्रिय दैनिक
पोखरापत्र

पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
२५ औं
वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं।



सुनिल गुरुङ
सल्लाहकार
सहारा क्लब, पोखरा


## व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजातबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ▸ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>▸ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ▸ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>▸ सूचकको नागरिकताको प्रमाणपत्र,<br>▸ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>▸ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| विवाह | पति र पत्नी दुवै जना | ▸ सूचकको सहीछापसहितको सूचना फाराम,<br>▸ पतिको नागरिकता प्रमाणपत्र,<br>▸ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>▸ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ▸ पति वा पत्नी | ▸ सूचकको सहीछापसहितको सूचना फाराम,<br>▸ सूचकको नागरिकता प्रमाणपत्र,<br>▸ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि |
| बसाई सराई | ▸ बसाइँ सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ▸ सुचकको सहीछापसहितको लगत हस्तान्तरण फाराम<br>▸ सूचकको नागरिकता प्रमाणपत्र |
| | ▸ बसाइँ सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ▸ सूचकको नागरिकताको प्रमाण पत्र<br>▸ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ▸ बाबु वा आमा वा<br>पति वा पत्नी वा छोरा वा छोरी,<br>▸ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ▸ सूचकको सहीछापसहितका सूचना फाराम,<br>▸ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>▸ सूचकको नागरिकता प्रमाणपत्र,<br>▸ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |

नवराज ओझा
प्रमुख
रूपा गाउँपालिकाको कार्यालय
कास्की

**सूक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

**सम्पादकीय**

# २५औं वर्षमा प्रवेश

पोखरामा २००७ सालको आन्दोलन पछि मात्र पत्रिका प्रकाशित भएको पाइन्छ । त्यो पनि हस्तलिखित हो । पोखरामा २००८ सालमा हस्तलिखितबाट पत्रिका शुरु भएको थियो । निजी क्षेत्रबाट दर्ता गरेर प्रकाशन सुरु २०१५ सालबाट भएको हो । आम चुनावको घोषणा पछि पत्रपत्रिका प्रकाशित भएका हुन । २०१७ साल पौष १ गतेको शाही कु पछि पत्रपत्रिका निस्के पनि जनताको आवाज बन्न सकेनन । राज्यले निकाल्ने र सत्ताको पक्षपोषण गर्ने बाहेकका अरु सबैको ध्येय पञ्चायत ब्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक ब्यवस्थाको बहालीको लागि थियो ।

पञ्चायतको अन्त्य र प्रजातन्त्रको पुर्थापना पछि व्यावसायिक बन्न प्रयास गरेको हो । बहुदलीय खुला अवस्था पछि बल्ल पत्रकारिता जनताप्रति जवाफदेही बन्नुपर्छ भन्ने मान्यताको विकाश हुदै गएको हो । त्यही परिवेशमा २०५६ सालबाट पोखरापत्र दैनिक शुरु भएको हो । विभिन्न आरोह अवरोह पार गर्दै पोखरापत्र २५ वर्ष भएको छ । भर्खरै ब्याबसायिक हुन थालेको बेला द्वन्द्वकाल संक्रमणकाल हुँदै अहिलेको न्यु मिडियाको विकासले गर्दा कहिलेसम्म बाँच्छ भन्ने अवस्था छ ।ठूलो माछाले सानो माछालाई खान्छ भने जस्तो अवस्था छ।जनताको आवाज स्थानीय र प्रदेश स्तरका संचारमाध्यमले नै दिन सक्छन् । तिनै संचार माध्यमले राष्ट्रियता र लोकतन्त्रलाई बलियो बनाउन सक्छन् । त्यस्ता संचार माध्यमलाई टिकाउनका लागि स्थानीय तह र प्रदेश सरकारले सघाउनुपर्छ भन्ने मान्यता अझै आउन सकेको छैन् । कागजमा संघीयता आएपनि व्यवहार र मानसिकतामा आउन सकेको छैन् । अझै पनि संघीय सरकारको लोक कल्याणकारी विज्ञापनलाई आधार मान्नुपर्ने अवस्था विद्यमान छ । जवसम्म स्थानीय र प्रदेश सरकारले पत्रपत्रिकालाई संरक्षण गर्ने निति लिन सक्दैन तवसम्म दिर्घायू हुन सक्दैनन् ।

लोकतन्त्र र राष्टियता बलियो हुन सक्दैन।विदेशी दुतावास, नियोग, निश्चित मिसन भएका अन्तर्राष्ट्रिय गैसस र ठूला व्यापारिक कम्पनीले संचार माध्यमलाई आफ्नो प्रभाबमा पार्ने काम गर्दै आएको तथ्यहरु खुल्दै आएका छन । राज्यको संरक्षण नपाउने वाह्य सहयोग नलिने त्यस्ता पत्रपत्रिका र संचार माध्यम जीवन मरणको दोसाँधमा पुगेका छन।अहिलेको कठिन अवस्थामा पनि अनेकौ चुनौतीलाई पार गर्दै पोखरापत्र अहिले टिक्नु नै ठूलो हो। पत्रिकालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन अहोरात्र खट्ने सहकर्मीको मेहनत, लगनशिलता र ईमान्दारिताको प्रतिफल हो । जसले शुरुका अवस्थामा मेहनत, परिश्रम लगाए त्यसैको जगमा टेकेर हामी यो अवस्थामा आएका हौं । हाम्रा पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुको मायाले नै हामीलाई अगाडि बढ्न प्रेरित गरिरहेको छ । सूचना प्रविधिको विकाशले गर्दा पत्रपत्रिकालाई अगाडी बढ्न चुनौती खडा भएको छ । हिजोको अवस्थाबाट आज अगाडि बढ्न सहज छैन् । हरेक व्यक्तिले ताजा समाचार सजिलै पाउँने अवस्था प्रविधिले विकाश गरेको छ । प्रविधिसँग सँगसँगै जान नसक्नेले यात्रा परिवर्तन गरेका छन् । अहिलेको खाचो जनतालाई सत्यतथ्य समाचार र समाजलाई अग्रागामी बाटोमा लैजाने विचारको खाचो छ । पाठकले रुचाएको र खोजेका विषय दिन नसक्दा पत्रिका जन्मने र मर्ने पनि भएका छन् । डिजिटल पत्रिका चर्चित र लोकप्रिय बन्दै गएको छ । सामजिक सञ्जालको विकासले गर्दा हरेक कुरा तत्काल थाहा पाउने अवस्थाको विकास भएको छ । संचार क्षेत्रमा आएको परिवर्तनले गर्दा छापा पत्रकारिता क्षेत्रले धेरै चुनौतीको सामना गर्नुपरेको छ । जनताले सही र तथ्ययुक्त समाचार पाउँन अझै सकेका छैनन् ।

पत्रकारिता आवाजहिनको आवाज बन्नुपर्नेमा अझैपनि शास्त्रीय राजनीतिक विषयबस्तुले मात्रै प्राथमिकता पाउने गरेको छ । लोकतन्त्रको प्रतिफल जनताले अनुभुत गर्ने पाएका छैनन् । व्यवस्था फेरिए पनि नेताहरुको प्रवृतिमा परिवर्तन आएको छैन । जनताका सरोकारका विषय संचारमाध्यमले दिनुपर्ने अहिलेको अहम चुनौती हो । स्थानीय र प्रदेश सरकार पनि सामाजिक संजाल संचार माध्यम एउटै ठान्ने र ठूला लगानीका मिडियालाई नै महत्व दिने गरेका छन् । स्थानीय र प्रदेश सरकारको नीति एकातिर व्यवहार अर्कोतिर छ । केन्द्रीकृत मानसिकताका कारण केन्द्रबाट प्रकाशित हुने पत्रिकामा विज्ञापन गरेर प्रदेश र स्थानीय सरकारले करको दुरुपयोग गरेका छन् । अभिजात्य वर्ग, ठूला व्यापारिक घराना, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संरक्षण पाउने नीतिलाई प्रदेश सरकारले बदल्न सकेका छैनन् । संघीयतालाई वलियो बनाउन र आधारभूत जनताको पक्षमा रहने संचार माध्यमलाई संरक्षण र प्रोत्साहन गर्नु पर्दछ ।

नयाँनयाँ कानुन बनाएर प्रेसलाई नियन्त्रण गर्न खोज्दा लोकतन्त्र बलियो हुन सक्दैन् । धेरै जरिवान र सजाय दिएर मात्र तह लगाउन सकिन्छ भन्ने मान्यता अहिलेको खुला समाजलाई सुहाउने कुरा होईन । प्रेस स्वतन्त्र भएमा लोकतन्त्र वलियो हुन्छ । स्वच्छन्दता नेपाली प्रेसले खोजेको होईन । स्वच्छन्दतालाई निहु बनाएर स्वतन्त्रतालाई रोक्नु हुदैन । नेपालको संविधान २०७२ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउनुपर्नेमा पत्रकारहरुको पेशागत र भौतिक सुरक्षाका साथै संचारमाध्यमलाई संरक्षण र प्रबर्द्धन गर्ने नीति राज्यले नलिएसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संविधानमा लेखेर मात्र पुग्दैन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभुति व्यवहारमा देखिनु पर्दछ । त्यसका लागि साना र मझौला संचार माध्यम टिक्ने वातावरण सरकारले बनाइदिनु पर्छ।प्रेसलाई प्रबर्द्धन गर्ने कानुन र नीति सरकारले लिएमा संचार माध्यम सरकार र जनताको बीचमा पुल बन्नेछन् । अहिले प्रेसका सामु खडा भएका थुप्रै चुनौतीका बाबजुद पोखरापत्र यो अवस्थामा ल्याउन हामीलाई पाठक विज्ञापनदाता शुभेच्छुकहरुको माया" र स्नेहका कारणले सम्भव भएको हो । हामीलाई अविचलित रुपले अघि वढन प्रेरणा दिने हाम्रा सहकर्मी, पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुप्रति आभार प्रकट छौं ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलतामन | तुला | : मानसिक तनाब |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# विदेश पलायन रोक्न दूधमा अनुदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ चैत

किसानलाई पशुपालनमा आकर्षित गर्ने उद्देश्यले स्याङ्जाको वालिङ नगरपालिकाले दूधमा प्रतिलिटर रु १० अनुदान दिने भएको छ ।

आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेटमार्फत 'दूधमा आत्मनिर्भर तथा गाईभैंसीप्रवर्द्धनकार्यक्रम'अन्तर्गत नगरपालिकाले दूधमा अनुदान दिने भएको हो ।

नगरपालिकाका प्रमुख कृष्ण खाणले अकला नमूना कृषि सहकारी संस्थासँगको सहकार्यमा योजना सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार अकला नमूना कृषि सहकारी संस्थाले उपलब्ध गराएको पासबुकमा भएको विवरणका आधारमा नगरपालिकाले प्रतिलिटर दूधमा अनुदान उपलब्ध गराउनेछ ।

सहकारीले सम्झौताअनुसार दैविक प्रकोपको अवस्थामा बाहेक वार्षिक कम्तीमा तीन सय ५० दिन किसानको दूध खरिद गर्नुपर्ने छ । सहकारी संस्थाले महिनाको दुईपटक सङ्कलित दूधको विवरण नगरपालिकालाई उपलब्ध गराउनुपर्ने सम्झौतामा उल्लेख छ । "दूधको मूल्य नेपाल सरकारले तोकेको ल्याक्टोफ्याट र एसएनएफको आधारमा निर्धारण हुने छ, त्यसबाहेक नगरपालिकाले किसानलाई प्रतिलिटर रु १० उपलब्ध गराउने छ", नगरप्रमुख खाणले भन्नुभयो, "नगरलाई दूधमा आत्मनिर्भर बनाउन र उत्पादनका आधारमा अनुदान दिएर किसानको उत्साह बढाउन हामीले यस्तो कार्यक्रम ल्याएका हौं ।" उहाँले दूधमा अनुदान कार्यक्रमले युवा पुस्तामा विदेशप्रतिको मोह घटाएर कृषि फार्म सञ्चालन गर्न उत्प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले गाईपालक किसानलाई अधिकतम रु ५० हजारसम्म अनुदान दिने जानकारी दिनुभयो । "विदेश पलायन रोक्न र विदेशबाट फर्केका युवालाई पशुपालनमा आकर्षित गर्न नगरपालिकाले बजार व्यवस्थापनको पनि ग्यारेन्टी लिन्छ", खाणले भन्नुभयो, "पशु बीमा र सडक व्यवस्थापनको जिम्मा पनि नगरपालिकाले लिने प्रतिबद्धता व्यक्त गर्दछु, तसर्थ पशुपालनमै लाग्न सबै युवालाई अनुरोध छ ।" अकला नमूना कृषि सहकारी संस्थाका अध्यक्ष पुण्यप्रसाद अर्यालले किसानलाई सजिलो हुने तरिकाबाट सहकारीले दूध सङ्कलनको काम गर्ने बताउनुभयो । उहाँले वालिङ-१२ स्थित धनमुढा, १४ स्थित फौदिखोला र ४ स्थित एलादिमा दूध सङ्कलन केन्द्र राखेर काम गर्ने बताउनुभयो ।

सहकारी संस्थाले किसानले उत्पादन गरेको दूध सङ्कलन गरेर चिज बनाउने गरेको छ । यहाँ उत्पादित चिज, काठमाडौं, पोखरा, बुटवललगायतका ठाउँमा निर्यात हुने गरेको छ । वालिङभित्र सात सय घरधुरीले दैनिकरूपमा करिब पाँच सय लिटर दूध उत्पादन गरेर बजारमा बिक्री गर्ने गरेको छ ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ को नाउडी काठे रान्नी हुदै चालिसे दोपहरे कृषि सडक स्तर उन्नती कार्य गर्दा निम्न अनुसार को आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : नाउडी काठे रान्नी हुदै चालिसे दोपहरे कृषि सडक स्तर उन्नती
**उपभोक्ता समिति**: नाउडी काठे रान्नी हुदै चालिसे दोपहरे कृषि सडक स्तर उन्नती निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति**: २०८०/१०/०४ गते
**योजना सुरु मिति**: २०८०/१०/०५ गते
**योजना सम्पन्न मिति** : २०८०/११/२१ गते
**महानगरपालिकाबाट** : रु. ३५,००,०००/-
**उपभोक्ताबाट** : रु. ३,९१,७८१/५६
**जम्मा लागत** : रु. ३८,९१,७८१/५६

**रेशमलाल सुवेदी**
अध्यक्ष
**नाउडी काठे रान्नी हुदै चालिसे दोपहरे कृषि सडक स्तर उन्नती निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**

# ९९ औँ जन्मदिनमा क्याप्टेन किशनवीर सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

अन्नपूर्ण ९ उल्लेरीमा जन्म भई हाल अन्नपूर्ण ९ सिमलबोट निवासी क्याप्टेन किशनवीर पुन आफ्नो ९९ औँ जन्मदिनको अवसरमा विहीबार सम्मानित भएका छन् ।

श्री भगवती माध्यमिक विद्यालय, अन्नपूर्ण ९, तिखेढुङ्गाको जिवित संस्थापकहरुमध्ये सबैभन्दा वयोवृद्ध क्याप्टेन पुनलाई सम्मान व्यक्त गर्न तथा जन्मदिनको शुभकामना दिन विद्यालयका शिक्षकहरु उनकै निवासमा पुगेका थिए ।

आफ्नो ९९ औँ जन्मदिनको अवसरमा शुभकामना दिन आफ्नै निवाससम्म आइपुगेका विद्यालयका शिक्षकहरुसँग विगतका दिन सम्झिँदै उनले भने, "साल त यति नै हो भन्ने बिर्सिएँ । हिउँदका दिन थिए । पर्वत देउपुरका हरिलाल उपाध्याय भन्ने जैसी (ज्योतिषी) आएर स्कुलको जग हाल्ने दिन ठम्याए । जग खन्ने मान्छेको नाम जुराउँदा मेरो नाम मिल्यो, अनि गैंची बोकेर गएँ र पहिलो गैंची हानेर घडेरी सम्याउने झारा सुरु गरियो ।" विद्यालयका शैक्षिक विभाग प्रमुख किर्तीराज ढकालले हाल विद्यालयले शैक्षिक तथा भौतिक क्षेत्रमा गरेको प्रगति सुनाउँदा क्याप्टेनले पटक पटक हर्षाश्रु बगाएका थिए । उनले आफुलाई जहिलेपनि विद्यालयको प्रगति हेर्न जान मन भएको तर शारीरिक अशक्तताको कारण रोकिनु परेको बताउँदै आफ्नो १०० औँ जन्मदिनमा जसरी



पनि विद्यालयमा नै आउने वचन व्यक्त गरे । आफ्नो जन्मदिनको अवसरमा सामाजिक कार्य गर्ने उद्देश्यले श्री भगवती माध्यमिक विद्यालयमा स्थापना गरिएको जन्मदिन कोषमा उनले पाँच हजार पाँच रुपैयाँ प्रदान गर्दै हुनेले नहुनेलाई र सक्नेले समाजलाई सहयोग गरेमात्रै सबैको भलो हुने कुरामा जोड दिए । शैक्षिक क्षेत्रमा गरेको दान अरु सबै दान भन्दा ठूलो हुने बताउँदै उनले शिक्षा दिने गुरु र शिक्षा लिने विद्यालयप्रति सबैले सम्मान गर्नुपर्ने विचार व्यक्त गरे । राणाकालमा पढ्न नपाएको पिडा सुनाउँदै उनले भने, "बाले एउटा काठको फलिको ताछेर पाटी बनाइदिनुभएको थियो । त्यसमा क, ख लेख्दै थिएँ, २ जना (सैनिक रहेछन्, पछि थाहा पाएँ) आएर मेरो पाटी फुटाएर फालिदिए । त्यसपछि मलाई यहाँ बस्न मन लागेन र भारतीय पल्टनमा फौजी भएँ ।" आफु भारतीय फौजीमा रहँदा पाकिस्तान, चिन, कँगो लगायतका देशमा लड्न जानुपरेको सम्झँदै उनले मृत्युको मुखबाट जोगिएर फर्केको हुँदा आफु सय वर्ष त बाँच्छु भन्ने हिम्मत आएको बताए ।

'धेरै दलका धेरै कुरा, काम भने सबै अधुरा' हुने अवस्थाले आफुलाई अहिले स्थापना भएका धेरै राजनैतिक पार्टीप्रति वितृष्णा भएको बताउँदै एउटै पार्टी भित्र हुने गुठको राजनीतिबाट दिक्क मानेका उनले यसले कसैलाई पनि फाइदा नपुग्ने विचार व्यक्त गरे ।

जिउँदो इतिहासका रुपमा रहेका क्याप्टेन किशनवीर पुनलाई सम्मानित गर्न पाउँदा विद्यालय आफै सम्मानित भएको महशुस भएको साथै यस्ता वृद्धवृद्धाहरुलाई राज्यका निकायहरुले सधैँ सम्मान गर्नुपर्ने विचार व्यक्त गर्दै विद्यालयका शिक्षक तथा स्थानीय खेम बहादुर पुनले भने, "उहाँले आफ्नो जिवनकालमा गाउँमा समेत धेरैलाई सहयोग गर्नुभएको छ । उहाँकै योगदानले धेरै विधवाहरुले पेन्सन प्राप्त गर्न सफल भएका छन् ।" सम्मान कार्यक्रममा विद्यालयको तर्फबाट शिक्षक गौतम सुवेदी तथा राजेन्द्र थापा लगायतले उनलाई शुभकामना दिएका थिए ।

**हार्दिक शुभकामना**

राष्ट्रिय दैनिक
**पोखरापत्र**

पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औँ वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोउत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सुरेन्द्ररमण पराजुली
**पराजुली आयल स्टोर्स**
पोखरा–१, सिम्पानी
फोन: ०६१-४१२०८४, ४१२३४३, ९८५६०२०३५९

**हार्दिक शुभकामना**

राष्ट्रिय दैनिक
**पोखरापत्र**

पत्रिकाले स्थापनाको २४ औँ वर्ष पूरा गरी २५ औँ वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको उत्तरोउत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सपना आयुर्वेद भवन प्रा. लि.**
पोखरा–९, बास्तोलाथर, महेन्द्रपुल (ओम हस्पिटलको ठीक अगाडी
फोन नं.: ०६१-५२७५८३, ९८५६०२७५८३, ९८१६६४४३३३

**पायल्स, फिसर, फिस्टुलाको आयुर्वेद सर्जरीद्वारा कहिल्यै नदोहरिने गरी उपचार**

पारिवारिक वातावरणमा सपना आयुर्वेद भवनमा बिना साइड इफेक्ट आयुर्वेदिक पद्धतिद्वारा अशक्त वृद्धवृद्धा बुवाआमाहरूको औषधी उपचार, हेरचाह प्याकेजमा गरिरहेको पनि जानकारी गराउँदछौं ।

## वडावासीहरुमा अनुरोध

- कुहिने फोहोरलाई घरमै व्यवस्थापन गरौं ।
- संस्कृति सम्पदा मठ मन्दिरको संरक्षण गरौं ।
- स्वच्छ विषादीरहित तरकारीको प्रयोग गरौं ।
- चौपायाहरुलाई छाडा नछोडौं ।
- कुकुरधनीहरुले आफ्ना कुकुरलाई बाहिर नछोडौं।
- असहाय तथा सडक मानवका लागि मानव सेवा आश्रममा व्यवस्था गरिएको छ । उक्त स्थानमा पुऱ्याउनु पर्ने भए वडामा समन्वय गरौं ।


तोरण बानिया
अध्यक्ष
पोखरा महानगरपालिका वडा नं. १५ को कार्यालय
पोखरा-१५, कास्की



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र

२५ औं

पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कृष्ण प्रसाद आचार्य
(प्रधानाध्यापक)
तथा
श्री विन्ध्यवासिनी मा. वि.
पोखरा-१६, बाटुलेचौर, फोन नं.: ०६१-४४३०६५

महेन्द्र गुफा तथा चमेरे गुफा, पोखराको पुरानो पर्यटकीय गन्तव्य भएको हुँदा पोखरा आउनुहुने सम्पूर्ण आन्तरिक तथा बाह्य पर्यटकहरुमा स्वागत गर्दछौं ।



## हार्दिक शुभकामना

राष्ट्रिय दैनिक पोखरापत्र

२५ औं

पत्रिकाले स्थापनाको २४ औं वर्ष पूरा गरी
वर्षमा प्रवेश गरेको सुअवसरमा पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं।

प्रो. रोशन आचार्य
सुमार्गी स्टेशनरी लिंक
पोखरा-८, न्युरोड (पोखरा म.न.पा.को ठीक पछाडि)
फोन नं.: ०६१-५३४२५३


## हुम्लाको ...

टाँक लगायत कच्चा पदार्थ स्वदेशी नै प्रयोग हुने गरेको छ भने केमिकल, जिपर (चेन) लक लगायत पदार्थ बाहिरबाट आउने गरेको छ । स्वदेशी कच्च पदार्थ नेपालमा धेरै हुदा हुदै पनि त्यसको उचित ढंगले सदुपयोग गर्न नसकिएको कारण नेपालबाट गएको कपास विदेशमा थोरै प्रशोधन भई चर्को मुल्यमा त्यसबाट बनेका धागो लगायतका बस्तु खरिद गर्नुपर्ने बाध्यता रहेको उनको अनुभव छ। संस्थाले पोखरामा हालसम्म ४ शाखा विस्तार गरिसकेको छ। पोखरा-१३ को कुँडहर, वडा २७ को रिठ्ठेपानी, वडा १६ को लामाचौर र वडा ३० को गगनगौंडामा शाखा विस्तार गरी हाल ६६ जना महिलालाई रोजगार दिलाएको छ । सर्वप्रथम कुँडहर शाखा २०६१ सालमा सञ्चालनमा आएकोमा अरु क्रमशः खुलेका हुन् । कोभिड-१९ को महामारी हटेर देशको अवस्था सुध्रिँदै गए भविष्यमा थप शाखा विस्तारको योजना रहेको रामकलीले सुनाइन्। पैसा अभावमा घरपरिवार र समाजमा अपहेलित हुनुपरेको, परनिर्भरता हुनुपरेको, महिलाले रोजगारको लागि धेरै दुःख सहनुपरेको लगायत समस्या महिलाले देखाएसँगै रामकलीले त्यस्ता महिलालाई आत्मनिर्भर र उद्यमशीलतामा लगाएकी हुन् ।

संस्थाले महिलालाई सीप सिकाउँदै र केही महिलालाई रोजगार दिँदै सामान उत्पादनमा लाग्दा संस्था माथि व्यापार गरेको आरोप समेत लाग्यो। महिला सीप विकास संस्थासँगै रामकलीले छुट्टै पोखरा महिला सीप विकास प्रालि दर्ता गरी संस्थाबाट उत्पादित सामग्री बजारीकरण गरेकी हुन् । संस्थाको आफ्नै वेबसाइट छ। त्यसैबाट अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसारसँगै बजारीकरण बढेको छ। हातले बुनेका सामानले विदेशमा मूल्य पाउने हुँदा उत्पादित सामान प्रायः निर्यात हुने गरेको छ। उनले सञ्चालन गरेको उद्योगमा एकातर्फ काँचो धागोको रंगाउन पकाउँदै, तान बुन्दै, धागो तयार पार्दै र अर्कोतर्फ तयारी सामान प्याकिङ गर्दै गरेको दृश्य हेर्दा जोसुकैलाई स्वदेशमै केही गर्न सकिन्छ भने गतिले उदाहरण बन्न सक्छ।

संस्थाको कार्यालयका भित्ता रामकलीले प्राप्त गरेका पुरस्कार तथा सम्मानपत्रले भरिएका छन् । नेपालका हजारौं महिलालाई यस्तो सीपमूलक तालिम दिने र विदेशी बजारमा सहज ढंगले लैजान सक्ने वातावरण मिलाउने हो भने आर्थिक विकास र समृद्धि हासिल गर्न उद्यमशीलताले थप टेवा पुग्ने उनको बुझाइ छ। नेपाली उत्पादन भएका बस्तुहरुको खरिद बिक्रिमा प्रयोग हुने गरी राज्यले यसमा नीतिगत रुपमै पहल गर्नुपर्ने उनको भनाई छ । आफुहरुलाई अग्रिम अडर विना एउटा रुमाल पनि नवनाउने उनको भनाई छ । पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइड, काठमाण्डौं ठमेलमा रहेका प्रायः हस्तकलाका पसलहरुमा आफुले प्रशिक्षण गराएका महिलाहरुले संचालन गरेको देख्न पाउदा निकै खुसि लागेको बताउदै खड्काले पोखरा सहित गण्डकी प्रदेश र नेपाल हुदै विदेश सम्म पुगेका कैयौ महिलहरु उक्त प्रशिक्षणकै कारण आज आत्मर्निभर हुन सफल भएको जनाइन् । सिप भए पछि जहाँ पनि काम लाग्ने बताउदै उनले सिप भएमा स्वरोजगार र आत्मनिर्भर बन्न सकिने उनको दाबी छ। रामकलीलाई परिवारमा श्रीमान श्यामसुन्दर खड्का, ३ छोराहरू सागर, अनुप र आलोकको पनि साथ सहयोग रहेको छ।

उनले उत्पादन गरेका समानहरु अमेरीका, अष्ट्रेलीया, जापान, कोरिया, जर्मन, नेदरल्याण्ड, बेल्जियम, इटाली, वेलायत, भारत, चिन, ताइवान लगायतका देशमा पुग्ने गरेको छ भने कोभिड पहिला यूरोपमा धेरै माग थियो पछिल्लो समयमा चाइनिजहरुले हस्तकलाका सामानमा बढी रुचि पूर्वक खरिद गर्ने गरेका छन्। पढाई र कामको शिलशिलामा आफ्नो छोराहरु विदेशमा पुगे पनि स्वदेशमै सम्भावना छ यही केही गर्नु पर्छ भनेर आफ्नो छोराहरुलाई उनले फर्किएकी छन्। सबैसंग मिलेर राम्रो गर्न सके नेपालमा धेरै सम्भावना भएको उनको बुझाई छ। नेपालमा हस्तकलाको कपि गर्ने अर्को ठुलो चुनौंतीको रुपमा रहेको छ जसको मार उनले भोग्नु परेको छ। नेपालको युवा शक्तिलाई यही राख्न सकेमा नेपालको आर्थिक विकास हुने खड्काले दाबी गरिन् । यदी युवा शक्तिलाई यही राख्न सकेमा यस्ता सिपमुलक काम, विहान बेलुका कृषि धन्दा, आफ्नो घरमा भएका बाबु आमा र घर परिवारको रेखदेख हुन्छ यसले गर्दा परिवारको सम्बन्ध राम्रो हुन्छ।

खड्काको अनुसार पहिला बाबु आमालाई मुखमा पानी हालेर कुरेर बस्थे तर हिजोआज केही नेपालका गाँउ ठाँउमा बृद्ध भएका बाबु आमाको शवले विदेशीका छोराछोरीको बाटो कुरेर बस्न बाध्य भएका छन्। यो अबस्थालाई समयमै उचित ढंगले व्यबस्थापन गर्न नसके केही बर्षमा झन दर्दनाक अबस्था भएर आउछ । कसरी रोजगार सृजना गर्ने कस्तो सिप उपलब्ध गराउने के कस्तो काम गर्दा युवा शक्तिलाई यही रोक्न सकिन्छ उनीहरुलाई प्रोत्साहन हुने गरी रोजगारको ग्यारेन्टी गरी कसरी विदेशी मुद्रा आर्जन गरी देशमा आर्थिक विकास र समृद्धि कसरी गर्न सकिन्छ यस बिषयमा अब राज्यले ठोसठोस कदम चाल्नु पर्ने उनको भनाई छ । नेपालमा पर्यटकहरु भित्राउने वातावरण बनाउन सके आफुहरु जस्ताले उत्पादन गरेका बस्तुको बजार राम्रो हुने उनको बुझाई छ। कुनै समयमा ढाका टोपी र दौरासुरुवाल लगायने प्रचलन भएजस्तै अब हस्तकला तथा स्वदेशमा उत्पादन भएका बस्तुको अनिवार्य प्रयोग गर्ने गराउने वातावरण सृजना गराउन खड्काको आग्रह छ।


## गण्डकी प्रदेशको सवारी तथा यातायात नियमावली-२०८० का प्रमुख विषेशताहरू

**१. दुई जिल्ले रुट परमिट खारेज**

- सार्वजनिक सवारीलाई सम्बन्धित सवारी धनी वा व्यवसायी कम्पनीको माग बमोजिम प्रदेशभित्रको मार्ग इजाजत (रुट परमिट) दिइने नियमावलीमा व्यवस्था गरिएको छ । गण्डकी प्रदेशमा सञ्चालन हुने जिप र ट्याक्सीले तोकिएको २ भन्दा बाहिरी जिल्लामा जानका लागि अस्थायी परमिट लिँदा हुने झञ्जट हटेको छ ।

**२. निजी गाडीको आयु तोकियो**

- नियमावलीमा नेपालमै पहिलो पटक निजी सवारी साधनको पनि २५ वर्ष आयु तोकेको छ । नेपालमा हालसम्म निजी सवारी साधनको आयु तोकिएको थिएन् । विद्युतीय सार्वजनिक सवारी साधनको भने तीस वर्षमा पत्रु गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**३. राइड सेयरिङलाई वैधानिकता दिने कानुनी बाटो खुल्यो**

- निजी प्रयोजनका लागि दर्ता प्रमाण पत्र प्राप्त चारपाग्रे तथा दुईपाग्रे सवारीले 'राइड सेयरिङ' एप मार्फत दिने यातायात सेवालाई नियमन गर्ने र बैधानिक बनाउन कानुनी बाटो नियमावलीले खुलाएको छ ।
- राइड सेयरिङ एपको प्रयोग मार्फत यातायात सेवा लिन सकिने राईड सेयरीङ यात्रुहरुमाझ लोकप्रिय बन्दै गएपनि नियमन गर्न र बैधानिक बनाउन कानुनको अभाव भएको थियो ।

**४. मिटरमा नचल्ने ट्याक्सीलाई गरिने जरिवाना बढ्यो**

- मिटरमा नचल्ने ट्याक्सीलाई रु. २ हजारबाट बढाएर रु. १० हजार जरिवाना र ६ महिना रुट परमिट निलम्बन गर्ने व्यवस्था नियमावलीमा गरिएको छ ।
- जरिवानाको दर बढेसँगै पोखरा उपत्यकामा लागू गरिएको मिटरमा ट्याक्सी सञ्चालन गर्ने नियम कार्यान्वयन र यात्रुलाई सहज हुनेछ ।

**५. रुट इजाजट लिन कम्पनीको सिफारिस नचाहिने**

- कम्पनीमा नगई व्यक्तिले पनि स्वतन्त्र रुपमा एक/दुई वटा गाडी किनेर सार्वजनिक यातायात सेवा दिन पाउने भएका छन्।
- रुट परमिट लिन कम्पनीको सिफारिस अनिवार्य नभएपछि रुट बिक्री र सिफारिस गर्दा हुने चलखेल हट्नेछ ।
- सार्वजनिक सवारीको जाँचपास प्रमाणपत्र दिंदा अन्य प्राबिधिक परिक्षणका अतिरिक्त अनिवार्य रुपमा प्रदुषण चेकजाँच पनि गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**६. यातायात कार्यालयको सेवामा सरलीकरण**

- सवारी साधनको नविकरण र कर तिर्न एकै आर्थिक वर्षमा दुई पटक यातायात कार्यालय धाउनुपर्ने झञ्जटीलो व्यवस्था हटाइएको छ ।
- सेवाग्राहीलाई झन्झट र कार्यालयको भिड हटाउन सवारी नवीकरण गर्दा नै अनिवार्य रुपमा त्यो वर्षको राजश्व तिर्नुपर्ने व्यवस्था ल्याइएको हो ।
- सवारी साधनको नामसारी गर्दा राज्यका निकायबाट जारी भएका अन्य परिचयपत्रबाट पनि नामसारी हुने सुविधा दिएको छ । यसअघि अनिवार्य रुपमा नागरिकता नै चाहिने व्यवस्था थियो ।
- यातायात कार्यालयमार्फत कागजातका आधारमा प्रवाह हुने सबै सेवाहरु क्रमश: पेपरलेस सेवाको रुपमा रुपान्तरण गर्दै डिजिटल प्रणालीमार्फत सेवा प्रवाह गर्ने नियमावलीमा उल्लेख गरिएको छ ।
- यातायात कार्यालयको सेवालाई छिटो छरितो बनाउन विद्युतीय माध्यमको प्रयोग गर्न नियमावलीमा आवश्यक नीतिगत व्यवस्था गरिएको हो ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल